# संघीय संसद
# राष्ट्रिय सभा
# तेह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १० माघ २०७९
# मङ्गलवार
# बैठक सङ्ख्या- ४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय इन्दिरा देवी गौतम ।

( १३:०५ बजे) **माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आजबाट सहिद सप्ताह बनाइँदै छ । म ती हाम्रा अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । अहिले बजारमा गुणस्तरहीन औषधि उत्पादन तथा बिक्री वितरण भइरहेको भन्ने कुरा सुन्नमा आइरहेको छ । यो खालको गतिविधिले आम नागरिकको स्वास्थ्यमा गम्भीर असर पर्ने हुँदा सम्बन्धित निकायले औषधिको चेकजाँच गर्ने यस्ता खालका

औषधिलाई बिक्री वितरणमा रोक लगाउनतर्फ आवश्यक पहलको लागि ध्यानकार्षण गर्न चाहन्छु । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलबासे ।

(१३:०६ बजे) **<u>माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, अहिले मामा घर हिडेका बच्चाहरूको पनि सुरक्षा नभएको र दुईजना युवाहरू हत्या भएको जुन विभत्स घटना घट्यो । र अहिले विभिन्न ठाउँमा महिला र बालबालिकामाथि पनि नराम्रो व्यवहार भएको घटनाहरू घटिराखेको छ । यसरी हेर्दाखेरि एउटा सुरक्षाको जोखिम बढिरहेको हो कि भन्ने देखिराखेको छ । एकातिर दुर्घटनाहरू घटिराखेका अर्कातिर चैं यी खालका घटनाहरूले मान्छे आतङ्कित छन् । एउटा शान्ति सुरक्षाको व्यवस्था कायम गरियोस् भन्ने म माग गर्न चाहन्छु । हवस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुलसा कुमारी दाहाल ।

(१३:०७ बजे) **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले शिक्षा मन्त्रालयमार्फत पाठ्यपुस्तक समयमा पुर्याउने जुन निर्णय गरेको छ सर्वप्रथम धन्यवाद दिन चाहन्छु नेपाल सरकारलाई ।

सहरी विकास मन्त्रालय र काठमाडौं महानगरपालिकाले समन्वय गरेर बन्चरे डाँडामा जुन फोहोरको व्यवस्थापन गरेको थियो यो व्यवस्थापन फेरि जनता त्यो समस्या बल्झिने समस्याहरू आइरहेको छ । त्यसले गर्दा बेलैमा यसतर्फ सोचियोस् र हिजोजस्तो जनता र सुरक्षाकर्मीको बिचमा झडप नहोस् भन्न चाहन्छु । हवस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भगवती न्यौपाने ।

(१३:०७ बजे) **<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, देशभरिबाट उपचार गर्नका निम्ति बिरामीहरू राजधानीमा आउने गर्नुहुन्छ । यो हप्ता मात्रै तनहुँबाट उपचार गर्न आउने बिरामीका मान्छेहरूले मलाई पाँचजना

बिरामीका मान्छेहरूले फोन गर्नुभो' । सरकारी हस्पिटलमा बेड पाउन सकिएन । प्राइभेट हस्पिटलमा उपचार गर्न सक्ने आर्थिक हैसियत छैन । त्यसैले गर्दा सरकारी हस्पिटलमा बेड मिलाउन सहयोग गर्दिनपर्यो माननीयज्यू भनेर भन्दै गर्दा त्यो समस्याको समाधान गर्न सकिन्थेन । अत्यन्तै पीडा भयो । अहिले सरकारी हस्पिटलमा वर्षौंदेखिको स्तर उन्नति हुन सक्या छैन । बेड उपलब्ध हुन सक्दैन । त्यसैले गर्दा एउटा गरिबलाई मलाई रोग लागिहाल्यो भने, म बिरामी भइहालें भने, मेरो परिवार बिरामी भयो भने यो देशले सस्तो, सुलभ, सहज रूपमा मलाई उपचार दिलाउन सक्छ भनेर अनुभूति एउटा गरिबले कहिले गर्ने? त्यसैले राज्यले यो विषयमा गम्भीर रूपमा सोच्न जरुरी छ र राज्यको ध्यान जाओस् भन्न म चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय माया प्रसाद शर्मा ।

(१३:०९ बजे) **<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो तेह्रौं अधिवेशन सुरु भएको छ । म यो तेह्रौं अधिवेशनको अवसरमा आज सहिद सप्ताह पनि छ । सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्छु । घाइते, अपाङ्गहरूमा सम्मान व्यक्त गर्छु । र यो भर्खरै पोखरामा एयरलाइन्स दुर्घटना भो' । सुर्खेतमा जिप दुर्घटना भो' । त्यहाँ दिवङ्गतहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्छु । र आफन्तहरूमा गहिरो समावेदना र शोक व्यक्त गर्न चाहन्छु ।

र यो राष्ट्रिय सभा अपर हाउस भनेर भनिन्छ । माथिल्लो सदन भनिन्छ । यहाँका विधेयकहरू निष्क्रिय हुन्छन् । जिरोमा जान्छन् । र यसको मान्यता कमजोर छ । यहाँ जवाफ, राष्ट्रिय सभामा उठाएका जवाफहरू मन्त्रीहरूले दिनुपर्दैन । जनतासँग यसको सरोकार रहँदैन । यसको कुरा के हो? मन्त्रीले जवाफ दिनुपर्छ । म यो सम्माननीय अध्यक्षमार्फत जानकारी गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय शारदा देवी भट्ट ।

(१३:१० बजे) **<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अहिले देशैभरि सित लहर चलिरहेको छ । यस पुस/माघको जाडोमा गरिब, निमुखा, ज्येष्ठ नागरिक, बालबच्चाहरू अत्यन्तै पीडित छन् । जाडोले

कठ्याङ्ग्रिएर धेरैजनाको मृत्यु भइसकेको अवस्था छ । यति नै बिमारी छन् । र तसर्थ तिनीहरूलाई खाना, न्यानो लुगा, कपडाको राहत दिन अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुमित्रा वि.सी. ।

(१३:१० बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सहिद सप्ताहको म हार्दिक सम्माननीय सहिदहरूलाई म भावपूर्ण सम्मान गर्न चाहन्छु । र म भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचार हुन पनि दिन्नँ भन्ने हाम्रो उद्देश्य र नाराका साथ त्यसको खिल्ली उठाउँदै त्रिभुवन विमानस्थलमा भर्खरै कर्मचारीले आठ लाख र केही रक्सीका बोतलहरूसहित पक्राउ परेको कुराहरू न्युजमा आइराको छ । यस्ता भ्रष्टाचारीहरूलाई कडाभन्दा कडा कारबाही गरियोस् भन्ने म सम्बन्धित निकायसँग माग गर्न चाहन्छु ।

र यस्तै गरेर सुर्खेतमा जिप दुर्घटना भएर चारजनाले दिवङ्गत हुनुभयो । मृत्युवरण गर्नुभयो । र एकजना घाइते भएर यहीँ वीर हस्पिटल ट्रमा सेन्टरमा उपचार गरिरनुभ'को छ । दिवङ्गतहरूप्रति भावपूर्ण श्रद्धाञ्जली गर्दै ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका माननीय संयोजक खिमलाल देवकोटालाई संक्षिप्त मन्तव्यसहित "संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँदछु । समय १० मिनेट ।

(१३:१२ बजे) **संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक माननीय श्री खिमलाल देवकोटा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभामसक्ष पेस गर्दछु । धन्यवाद ।

सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम यो म सम्मानित संसदमा सबै माननीयज्यूहरूलाई एकदम धन्यवाद दिन चाहन्छु । हामीले सङ्कल्प प्रस्ताव यहाँ पेस गरिसेकपछि सर्वसम्मत रूपले

सङ्कल्प प्रस्ताव पास भयो । हामी सबै पार्टीहरू मिलेर सर्वसम्मत रूपमा सबै पार्टीहरू मिलेर हामीले सङ्कल्प प्रस्ताव पेस पनि गर्यौं । सङ्कल्प प्रस्तावमा घनिभूत छलफल पनि भयो । छलफल भइसकेपछि यो संसदले सरकारलाई निर्देशन पनि दियो । र त्यो निर्देशनको कार्यान्वयनको सन्दर्भमा एउटा समिति पनि बन्यो । यो संघीयता कार्यान्वयनसम्बन्धी एउटा समिति पनि बन्यो । त्यो समितिले निरन्तर फलोअप गरिसकेपछि नेपाल सरकारले एउटा संघीयताको कार्यान्वयनको एउटा नेपाल क्याबिनेटबाट पास पनि गर्यो । क्याबिनेटबाट पास पनि मैले अगिल्लो पटक टेबुल गर्दा पनि मैले जानकारी पनि गरा' थिएँ । र नेपाल सरकारलाई मैले धन्यवाद पनि दिन चाहन्छु । र त्यो जुन क्याबिनेटबाट पास गरेको जुन सङ्कल्प प्रस्तावको अक्षरशः कार्यान्वयनको अनुरोध गर्न पनि चाहन्छ । र हामीले धेरै खालका यहाँ ९९ ओटा सिफारिस गरेका छौं । १३ ओटा सेक्टर छ । १३ ओटा डीफरेन्ट सेक्टरमा ९९ खालका सिफारिस गरेका छौं । हरेक सिफारिसहरू त्यतिकै महत्त्वपूर्ण छन् । र हामीले यो शासन व्यवस्थामा जनताले खोजेको विकास समृद्धि र सुशासन हो । र जनतालाई कुनै पनि शासन व्यवस्थासँग कुनै लिनुदिनु नै छैन् । जनताले खोजेको भनेको सर्भिसै हो । छिटो, छरितो इभेक्टिभ, क्वाइलिटी, एकाउन्टटेबल सर्भिसै हो । त्यसकारण यो शासन व्यवस्थामा पनि जनताले चाहेको, खोजेको, अपेक्षा गरे अनुसार सर्भिस पाएनन् । जनता पाएनन् । त्यसकारण हामीलाई त्यो सर्भिस जनाताले खोजेअनुसारको सर्भिस दिनको लागि स्थानीय तह, प्रदेश र जुन हामी संघीय सरकार भनेर हामीले जुन बनायौं । र तीनटै सरकारका आआफ्नो लक्ष्मण रेखा संविधानले कोरेको पनि छ । र संविधानको लक्ष्मण रेखाभित्र रहेर तीन तहका सरकारले जुन गर्नुपर्ने दायित्व, भूमिका निर्वाह गर्नुपर्ने हो । त्यो नगरेको अवस्था पनि हामीले पायौं । यो समग्र विषयवस्तुभित्र रहेर हामी सप्पै सम्माननीय अध्यक्षज्यूसहित हामी सातओटै प्रदेशमा हामी गयौं । सातओटै प्रदेशमा घनिभूत छलफल गयौं । पालिकाहरूमा पनि गयौं । यहाँ पनि धेरैसँग, धेरै विज्ञ, प्रतिनिधि सभादेखि लिएर गएको प्रतिनिधि सभा र संविधान सभाका माननीय सदस्यलगायत धेरैसँग छलफल गरेर हामीले सिफारिस गरेका हौं । र यहाँ भन्नुपर्ने कुराहरू धेरै छ । तर म कुइक्ली केही दुई चारओटा कुराहरूमा यहाँ हामीले गरेका सिफारिसका दुई चारओटा कुराहरूमा मैले यहाँ राख्ने अनुमति चाहन्छु ।

सबैभन्दा पहिलो प्रदेशको मन्त्रीको सङ्ख्याको सम्बन्धमाः अब यो कस्तो स्थिति छ भने सबभन्दा पहिले त मैले प्रदेशका अहिलेका मुख्यमन्त्रीज्यूहरूलाई एकदमै धन्यवाद दिन चाहन्छु । अहिले निरन्तर अहिले लगभग सबै प्रदेशहरूले मन्त्रालयको सङ्ख्या घटाउनुभा' छ । उहाँलाई एकदमै धन्यवाद छ । अनि यो हामी उहाँहरूसँगै छलफल पनि गरेको वास्तवमा हामी

जुन प्रदेश प्रदेशमा गयौं । हामीले भूतपूर्वमुख्यमन्त्रीज्यूहरू, निवर्तमान मुख्यमन्त्रीज्यूलगायतसँग पनि छलफल गयौं । र त्यसको एउटा सकारात्मक सन्देश पनि एउटा प्रवाह भा'को छ । हामीले सिफारिस पनि गरेका छौं । र एउटा कुरा के हो भने संविधानमा प्रदेशको मन्त्रीको सङ्ख्या प्रदेश सभाको २० प्रतिशत भनेर हामीले संविधानमा लेख्यौं । संविधान सभाले त्यो संविधानमा लेख्यो । त्यसको अर्थ के हुने भयो भने जस्तो हाम्रो प्रदेश सभा ५५० सातओटा प्रदेशको प्रदेश सभा ५५० छ । ५५० को २० प्रतिशत भनेको लगभग ११० जना मन्त्री हुने भो' । त्यो धेरे हुने भो' वास्तवमा । जस्तो बागमती प्रदेशको कुरा गर्ने हो भने ११० जनाको प्रदेश सभा छ । ११० जनाको २० प्रतिशत भनेको २२ जनासम्म मन्त्री हुन पाइन्छ । त्यसकारण यो धेरै भयो । र हामीले अरू देशको प्राक्टिस पनि हेर्यौं । भारतको दिल्लीमा चाहिँ के रहेछ भने त्यहाँको दिल्लीको सभाको संविधानमा स्पष्ट लेखेको छ । त्यो संविधानमा लेखेको छ । त्यहाँ चाहिँ दिल्ली सभाको १० प्रतिशत मात्रै मन्त्री बनाउन पाइन्छ भनेर संविधानमा लेखेको रहेछ । दिल्लीमा पपुलेसन भनेको १ करोड छ । भनेपछि त्यहाँ मुख्यमन्त्रीसहित ७ जनाभन्दा बढी मन्त्रीहरू छैनन् दिल्ली सभाको। भनेपछि हामीकहाँ पनि किन धेरै चाहियो । त्यसकारण अब यो कर्णाली प्रदेश जम्मा ४० जनाको छ । त्यसको १० प्रतिशत भनेको ४ जना हुन्छ । न्यूनतम ५ जनामा नघट्ने गरेर १० प्रतिशतमा हामीले सिफारिस गरेको अवस्था पनि छ । मैले अगि यो दिल्लीको कुरा पनि गरें । दिल्लीको सभामा भारतको संविधानको धारा २३९ मा १० प्रतिशत लेखेको छ ।

अर्को केन्द्रको मन्त्रीहरूको कुराहरू पनि गर्नै पर्ने हुन्छ । सम्माननीय अध्यक्ष महोदय, अहिले हाम्रो संविधानमा प्रधानमन्त्रीसहित २५ जना मात्रै मन्त्री हुने व्यवस्था छ संविधानमा तर अलिकति म अलिकति पर जान्छु । अलिकति पर भनेको म स्विट्जर्ल्यान्डसम्म पुगें स्विट्जर्ल्यान्डको संविधानमा त के पनि लेखेको र'छ भने त्यहाँको संविधानको धारा १७५ मा त्यहाँ प्रधानमन्त्रीलाई चान्सलर भनिंदो रहेछ । त्यहाँ प्रधानमन्त्रीसहित चान्सलरसहित ७ जनाभन्दा बढी मन्त्री बनाउन पाइँदैन, हुँदैन भनेर त्यहाँको संविधानमा स्पष्टै लेखेको छ । अब हामी यहाँ हेरौं । हामी संघीयतामा ग'का छौं । संघीयताको अर्थ के हो भने अधिकारहरू बाँढिएको छ । राज्यको शक्ति सङ्घ, प्रदेश र स्थानीय तहमा बाँढिएको छ । यसको अर्थ के हो भने हिजो नेपाल सरकारले जे जति कामहरू गर्थ्यो । त्यो कामहरूको ६० प्रतिशतभन्दा बढी ओर्क लोड त्यो ओर्क लोड हामी यसलाई फिस्कल फेडालिजममा एक्सपेन्डेचर एसाइन्टमेन्ट भन्छौं । एक्सपेन्डेचर एसाइन्टमेन्टहरू चाहिँ त्यो हाइली डिभल्व भा' छ । डिसेन्टलाइज भा' छ । यसको अर्थ के हो भने ६० प्रतिशतभन्दा ओर्क लोड चाहिँ तल ग'को छ । स्थानीय तह

र प्रदेशमा झरेको छ । अब हिजो नेपाल सरकारले गर्ने कामहरूको धेरै कामहरू तल गइसकेपछि केन्द्रमा धेरै मन्त्रालय, मन्त्रीको सङ्ख्या किन चाहियो? त्यसकारण केन्द्रमा पनि मन्त्रालय, मन्त्रीको सङ्ख्या अहिले धेरै भ'को छ ।

संविधानमा हामीले प्रधानमन्त्रीसहित भनेर २५ जना लेखेका छौं । तर मन्त्रालयको सङ्ख्या एक्काइस बाइस छ । यो पनि धेरै भयो । वास्तवमा विभिन्न अध्ययन, विभिन्न अध्ययन चाहे त्यो प्रशासनिक सुधार होस् । त्यो २०४८ सालमा २०४६ सालको परिवर्तनपछि २०४८ सालमा त्यो बेलाको तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा एउटा प्रशासन सुधार आयोग गठन भा'को थियो उच्चस्तरीय । त्यो बेलामा गिरिजाप्रसाद कोइराला आफै प्रधानमन्त्री आफै आयोगको अध्यक्ष हुँदाखेरि त्यो बेलाको एकात्मक व्यवस्थामा पनि केन्द्रमा १८ ओटाभन्दा बढी मन्त्रालय चाहिँदैन, मन्त्री चाहिँदैन भनेर त्यो बेलै सिफारिस गरेको अवस्था छ । र अहिले त सबै अधिक कामहरू, धेरै कामहरू तल गइसकेको अवस्थामा अब केन्द्रमा पनि धेरै मन्त्रालय चाहिँदैन, मन्त्री चाहिँदैन । १५ जना चाहिँ सफिसेन्ट हो । यसमा पनि बरु सम्माननीय अध्यक्षज्यू, यसमा कति छलफल गर्नुपर्छ भने गरौं । बरु यो ५ वर्षपछि लागु गर्ने भनी स्टेप बाइ स्टेप २ वर्ष ४ वर्षपछि गर्नु परे पनि गरौं । तर हामीले हाम्रा सङ्गठन संरचनाहरू स्टिच्युसनहरू अलिकति चुस्त बनाऊँ । एउटा भनाइ पनि छ । एउटा यो संघीयताको एउटा बेसिक फन्डामेन्टल प्रिन्सिपलले के भन्छ भने जहाँ फङ्सन छ । त्यो फङ्सनलाई फाइनान्सले फलो गर्नुपर्छ भन्छ । जहाँ फङ्सन छ त्यो फङ्सनलाई यो फङ्सनालिज भनेको कर्मचारीहरू, स्टिच्युसनहरू र कानुनहरूले फलो गर्नुपर्छ भन्छ । यो फलो नगरेको अवस्था छ । त्यसकारण यो फङ्सन, फाइनान्स र फङ्सनालिजको बिचमा एउटा कम्प्याटिबल हुनुपर्छ । एउटा हुनुपर्छ । एउटा तादम्यता हुनुपर्छ भन्ने सामान्य एउटा फन्डामेन्टल प्रिन्सिपल पनि हो । त्योअनुसार भा'को छैन ।

मैल अब धेरै समय लिन्नँ अध्यक्षज्यू, अब एउटा महिलाको कुरा र म योजनाहरूको कुरा गर्छु । महिलाको सहभागिताको सन्दर्भमा अहिले प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव हुँदाखेरि चाहिँ जम्मा ९ प्रतिशतमात्रै महिलाहरूलाई उम्मेदवार दिइयो । यत्रो आधा धर्ती ५० प्रतिशतभन्दा महिलाको उपस्थिति छ । जनसङ्ख्या छ । तर उम्मेदवार उठाउने बेलैमा हामी कम एकदम थोरै उठाएका छौं । त्यसमा पनि करेक्सन हुन जरूरी छ । हामीले कम्ती वानथर्ड चाहिँ प्रतिनिधि सभा र प्रदेश सभाको चुनावको बेलामै त्यही रिजर्भ गरेर हुन्छ कि? कानुनमा सुधार गरेर हुन्छ भनेर त्यहाँ त्यो पनि हामीले सिफारिस गरेका छौं भने ।

अर्को एउटा स्थानीय तहको सन्दर्भमा चाहिँ एउटा समस्या चाहिँ के भो भने सम्माननीय अध्यक्ष महोदय, अलिकति राम्रो डेटा पनि छ हामीसँग जस्तोः कस्तो छ भने २०४९ सालको स्थानीय तहको चुनावमा त्यो बेलामा महिलाको उपस्थिति २०४९ सालको स्थानीय तहको चुनावमा महिलाको उपस्थिति भनेको सुन्ना दशमलव चार नौ प्रतिशत थियो । २०४९ सालमा स्थानीय तहको जुन बेला स्थानीय तहको चुनाव भयो २०४९ सालमा । त्यो बेलामा स्थानीय तहको समग्रह महिलाको उपस्थिति भनेको सुन्ना दशमलव उनान्चास प्रतिशत थियो । २०५४ सालको स्थानीय तहको चुनावमा नौ दशमलव आठ पाँच प्रतिशत थियो । २०७४ सालको चुनावमा महिलाको उपस्थिति स्थानीय तहमा चालिस दशमलव नौ चार प्रतिशत करिब करिब एकचालिस प्रतिशत पुग्यो । र २०७९ मा एकचालिस दशमलव बाइस प्रतिशत पुग्यो । यो भनेको ठुलो झलाङ हो ।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय प्रधानमन्त्रीज्यू पनि आउनुभा' छ । यो मुलुकको यो सङ्घीयताको, गणतन्त्रको, संविधानको सबभन्दा ठुलो उपलब्धि भनेको समानुपातिक, समावेशी र सहभागीतामुलक प्रतिनिधित्वको जुन इन्स्योर हामीले गर्यौं संविधानमा यसको यो झलाङ पनि हो । यसको ब्युटी पनि हो । तर यसमा मैले अलिकति उपस्थिति त राम्रो भा' छ । स्थानीय तहमा एकचालिस दशमलव बाइस प्रतिशत छ । तर अर्को पाटो चाहिँ के भयो भने हामीले त यो गठबन्धनको नाममा विभिन्न चाहिँ के गर्यौं भने स्थानीय तहदेखि पनि विभिन्न गठबन्धन गर्न थाल्यौं । मेयर र उपमेयर, अध्यक्ष, उपाध्यक्षको सङ्ख्यामा कम आ'को छ । सम्माननीय अध्यक्ष महोदय, जस्तो सङ्ख्याको सन्दर्भमा कुरा गर्दाखेरि कस्तो भइदियो भने २०७४ सालमा जुन हामी मेयर, उपमेयर, अध्यक्ष (मैले एक मिनेट समय मागें सम्माननीय अध्यक्षज्यू) २०७४ सालमा मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्षमा महिलाको सङ्ख्या जस्तो ७५३ इन्टु २ भनेको १५०६ जना हुन्छ स्थानीय तह मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष गरेर १५०६ जनामा २०७४ सालमा महिलाको सङ्ख्या भनेको ७१८ थियो भने अहिले २०७९ मा चाहिँ ५९३ भयो । भनेपछि सङ्ख्या घट्यो । प्रतिशत अलि घट्यो । त्यसकारण अब एउटा व्यवस्था हामीले गरौं । सम्माननीय अध्यक्ष महोदय, हामीले सिफारिस पनि गरेका छौं । जसरी जस्तो प्रतिनिधि सभाको सभामुख, उपसभामुखमध्ये एक जना अनिवार्य महिला हुने व्यवस्था छ । हैन फरक लिङ्ग हुने व्यवस्था छ । त्यहाँ फरक लिङ्ग हुने व्यवस्था छ । जस्तो राष्ट्रपति, उपराष्ट्रपतिको सन्दर्भमा चाहिँ फरक लिङ्ग, समुदाय सभामुख र उपसभामुखमा फरक चाहिँ लिङ्ग भनेजस्तै स्थानीय तहको सन्दर्भमा पनि कसरी हामी फरक लिङ्ग कसरी लेख्न सक्छौं? त्यो कानुनमा कहाँनिर सुधार गर्नुपर्ने हो? त्यो गरौं सम्माननीय अध्यक्ष महोदय ।

अब योजनाको कुरा सानो छोटोमा म टुङ्गायाउछु । योजनाहरूमा तीन तहका सरकारको बिचमा योजना बाडँफाँटमा कानुनमा सबैभन्दा लथालिङ्ग र भद्रगोल छ । एउटा सीमा तोक्नुपर्छ । र हामीले अहिले एउटा सीमा पनि सिफारिस गरेका छौं । स्थानीय तहमा पनि कस्तो भइदियो भने हिजोका गाविसहरू, हिजोका गाविसहरूलाई हामीले वडा बनायौं । वडालाई सर्भिस सेन्टर हो भनेर डेभलप ....बनायौं तर कस्तो भइदियो भने अहिले त स्थानीय तहमा हामीले सिंहदरबारको अधिकार गाउँसम्म भन्यौं । पालिकासम्म भन्यौं । तर पालिकाहरूमा अर्को सिंहदरबार खडा..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९ माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँदछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय माया प्रसाद शर्मा । त्यहीँबाट बोल माननीयज्यू समयको बचत हुन्छ । आज त्यहीँबाट बोल्ने व्यवस्था छ ।

(१३:२४ बजे) **मानननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम निर्वाचनमा निर्वाचित सम्माननीय प्रधानमन्त्री, सम्माननीय सभामुख, उपसभामुख मन्त्रीजीहरू प्रदेशका मन्त्रीजीहरू मुख्यमन्त्रीजीहरू सबै सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

६ जना माननीयज्यूहरूले तयार पारेको सङ्कल्प प्रस्ताव, २०७९ साल जेठ ५ गते दर्ता भई १९ गतेको राष्ट्रिय सभाले सर्वसम्मत रूपले पारित गरेको थियो । संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको सोही २७ गतेदेखि कार्यारम्भ गरेको थियो । तीनओटै प्रदेश तीनओटै तहका नयाँ पुराना पदाधिकारीहरू जनप्रतिनिधिहरू सबै तहका काम गर्नुहुने राष्ट्रसेवक कर्मचारीहरू विज्ञ महानुभावहरू, प्राध्यापक, शिक्षक सम्मूर्णसँग अन्तरक्रिया गोष्टि छलफल आदि कार्यहरू भएका थिए । धेरै प्रकारका सुझाव, आलोचना, प्रतिबद्धताहरू प्राप्त भए । प्राप्त सुझाव जस्ताको त्यस्तै पेस गरेका छम् । हामीलाई थाहा छ कि दशकौंदेखिको सङ्घर्ष महान जनयुद्ध .....जनआन्दोलन मधेस तथा अन्य जातीय क्षेत्रीय उत्पीडनका विरुद्ध आन्दोलनको प्रतिफलका रूपमा २४० वर्षे एकात्मक राज्य संरचनाको अन्त्य, सङ्घीय, प्रदेश सङ्घ, प्रदेश सङ्घ, स्थानीय तहको सङ्घीय संरचना धर्म निरपेक्षता समावेशिता समानुपातिक समावेशी प्रणाली उपलब्ध भएका छन् । यी चारओटा पिल्लरका रूपमा खडा भएका संरचनालाई यो वा त्यो ढङ्गले निकाल्ने निस्क्रिय बनाउने खोजेमा सम्पूर्ण उपलब्धिहरू गुम्ने खतरा अवश्य रहन्छ । त्यसैले यो उपलब्धिहरूको रक्षा, प्रयोग र विकास गर्न हाम्रो सङ्कल्प प्रस्तावले विशेष महत्त्व राख्ने छ ।

चार महिने अभियानमा प्रत्यक्ष रूपमा दिशा निर्देश गर्नुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सदस्यज्यू, सचिवज्यू, राष्ट्रसेवक कर्मचारी महानुभावहरू, विज्ञ महानुभावहरू सबै सबैहरूमा यो प्रतिवेदन बनाउन निमित्त महत्त्वपूर्ण भूमिका रहेको छ । राष्ट्रिय सभा, प्रदेश सभा र स्थानीय सभाद्वारा निर्देशित संस्था भएकोले सोतह प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्रको पैरवी ओकालात र पक्षधरता व्यक्त गर्दछ । संघीयता कार्यान्वयनको लागि अध्ययन, अनुगमन अनुगमनको विषय तीनै तहमा बनाएको थियो । त्यसैले प्रतिवेदन वस्तुपरक प्रयोग यथार्थपरक प्रयोग रहेको छ भन्ने मलाई लागेको छ । सारमा सङ्घीयता कार्यान्वयन भनेको सङ्घीयताको प्रदत्त अधिकारहरू तहगत रूपमा अक्षरशः पालना गर्नु हो । आफू जहाँ बस्यो त्यहीं अधिकार होइन कि सङ्घले नीति निर्माण गर्ने प्रदेशले कार्य योजना उसको कार्यान्वयन नीति निर्माण गर्ने स्थानीय तहले नीति तथा योजनाहरूलाई कार्यान्वयन गर्ने गराउने विधिको विकास गर्नुपर्दछ भन्ने सुझाव आएको छ । असली रूपमा संघीयता कार्यान्वयन

त्यही आवश्यक कानुनहरूको निर्माण वित्तीय स्रोतको उचित बाँडफाँट कर्मचारीहरूको न्योचित व्यवस्थापनलगायतका विषयहरूमा व्यवस्था गर्नुपर्ने सुझाव आएको प्रदेश सङ्घ र स्थानीय तहहरूले योजना निर्माण गर्दा दोहोरो तेहोरो पर्ने गरी होइन कि योजनाको महत्त्व आवश्यकता र प्राथमिकतालाई आधार बनाएर तर्जुमा गर्नुपर्ने देखिन्छ । जनमानसमा सङ्घ र प्रदेश.....(समय सकिएको ) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थ ।

**(१३:२७ बजे) <u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सङ्घीयता कार्यान्वयन अध्ययन अनुगमन समितिको छलफलमा हामी यहाँ उपस्थित भइरहेका छौं । अब बयल गाडा चढेरै भए पनि लुरुलुरु सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका राष्ट्रपतिसमक्ष सपथ ग्रहण गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मन्त्री भएपछाडि गणतन्त्र विरोधी एजेन्डाहरू खारेज भयो । गणतन्त्रका विरुद्धमा बहस गर्नुको अब कुनै औचित्य पनि रहेन । र राष्ट्रपतिको निर्वाचनमा भाग लिएपछाडि त अब असली, गणतन्त्र विरोधीहरूको असली रूप देख्ने नै छौं । हिजो सङ्घीयताको विरोध गर्ने निर्वाचनमा चैं अब त्यो भाग नलिने, अब सङ्घीयता र यो प्रदेशलाई खारेज गर्ने कुराहरू, प्रदेश चैं निषेध गर्ने कुराहरू गरेर चुनाव जितेपछाडि फेरि लुरुलुरु सङ्घीय संसदमा छिर्दै गर्दा, फेरि संघीयताको प्रतीक राष्ट्रिय सभामा छिर्दै गर्दाखेरि फेरि यो सङ्घीयता विरोधी गतिविधिहरू पनि खारेज भए भन्ने चैं मलाई लाग्छ ।

यो सङ्घीयता कार्यान्वयन अध्ययन अनुगमन समितिले एउटा अध्ययन प्रारम्भ गरेको छ राष्ट्रिय सभाले विशेष गरेर । संविधान कार्यान्वयनका हिसाबले यो विपन्न वर्ग, क्षेत्र, समुदायका विषयहरूलाई पनि र अरू संविधानका मौलिक हक कार्यान्वयनका विषयहरूलाई समावेशी समानुपातिक प्रणालीका विषयहरू यही सबै कुराहरूको कार्यान्वयनको अवस्थालाई पनि हामीले फेरि थप अध्ययन गर्न सकिने कुराको एउटा मार्ग प्रशस्त एउटा अभ्यासहरू यो अध्ययनले हामीलाई दे'को छ । थुप्रै विषयहरूमा राष्ट्रिय सभाले थुप्रै अध्ययन गर्न सक्ने कुराको एउटा मार्ग प्रशस्त पनि भएको हामीले महसुस गरेका छौं । सङ्घीयता आफैमा आलोचनाको विषय होइन । अभ्यास र कार्यान्वयनका चरणमा केही नमिलेका विषय भए..... संशोधन गर्न, छलफल गर्न सकिने कुराहरू संविधानमै व्यवस्था छ । एउटा बच्चाले हामी कसैको काखमा पिसाब फेर्यो भने खुट्टा नै काटेर फाल्ने हो कि त्यसलाई धोई पखाली गर्ने हो? भन्ने कुरा नै मुख्य विषय हो । सङ्घीयताको विषयमा चैं ।

सम्माननीय अध्यक्ष महोदय, अब नेपाल सरकारलगायत सम्बन्धित विभिन्न निकायहरूलाई थुप्रै सुझावहरू चैं दे'को छ यो प्रतिवेदनले । यो अध्ययन प्रतिवेदनले । यसको सुरुवात चैं अहिले प्रदेशहरूमा, मन्त्रालयहरूको कटौती, मन्त्रालयहरूलाई घटाउने जुन अभ्यास सुरु भा'को छ त्यो अभ्यास पनि यही समितिको अध्ययनको र राष्ट्रिय सभाको निर्देशनकै एउटा फलस्वरूप पनि त्यो भा'को हो । र थुप्रै अब सुशासनका विषयहरू, अन्तरसम्बन्धका विषयहरूदेखि लिएर सामाजिक न्यायका विषयहरू थुप्रै कुराहरूमा अब अहिले त्यहाँ ९९ वटा सिफारिसहरू गरेका छौं । त्यो सिफारिसहरूलाई सरकारले कार्यान्वयन गर्न सक्यो भने सङ्घीयता कार्यान्वयनमा केही हदसम्म हामी केही राम्रो गर्न खोजेको एउटा महसुसहरू हुने छ । र यो प्रतिवेदनका सुझावहरूलाई चैं सरकारले कार्यान्वयन गर्न सकोस् । त्यसको भोलि संसदले पनि निगरानी गर्ने छ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय दिलकुमारी रावल थापा "पार्वती" ।

(१३:३० बजे) **माननीय श्री दिलकुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्ष महोदय, आज हामी यस गरिमामयी सदनमा सम्माननीय प्रधानमन्त्रीज्यूकै उपस्थितिमा यस सभाले गठित संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संघीय विशेष समितिको प्रतिवेदन, २०७९ माथि छलफलमा सहभागी भइरहेको छौं । यस समितिले ४ महिना लगाएर विभिन्न क्षेत्र, समूदाय, वर्ग, निकाय, तहसँग गरेका छलफल, अन्तरक्रिया, विचार विर्मश, अन्तरसंवाद तथा राय, सुझावको आधारमा १३ क्षेत्रमा ९९ सिफारिस तयार भएको आफैमा यो प्रतिवेदन महत्त्वपूर्ण छ । यस प्रतिवेदनलाई सरसर्ती अध्ययन र विश्लेषण गर्दा सङ्घीयता कार्यान्वयन गर्न हाल भैरहेका संरचनाहरू क्रियाशील activate हुन अत्यन्तै जरुरी छ ।

राष्ट्रिय सभाको नियमावलीले व्यवस्था गरेको विषयगत समितिमध्ये राष्ट्रिय सरोकार तथा समन्वय समितिले विभिन्न समयमा विभिन्न समयमा गरेका अध्ययन तथा अनुगमनका महत्त्वपूर्ण निष्कर्ष र सुझावहरू यस प्रतिवेदनमा समावेश भएकोमा म खुसी व्यक्त गर्न चाहन्छु । संघीयता कार्यान्वयनसँग प्रत्यक्ष सरोकार राख्ने तहगत राज्य संरचनाको विकासमा समन्वय समन्वयात्मक विकास राष्ट्रिय गौरवका आयोजना पिछडिएका क्षेत्र, समुदाय र संस्कृति मानव अधिकार जस्त महत्त्वपूर्ण क्षेत्र गटेको राष्ट्रिय सरोकार समितिले । सङ्घीयता कार्यान्वयन सरोकारवाला विषय र सरोकार समिति निरन्तर क्रियाशील रहेको छ । यस समितिले विगतमा नेपाल सरकार र

सम्बन्धित पक्षलाई जारी गरेको निर्देशन तथा सुझाव कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरिसकेको छ । अब तत्काल नै यस सम्मानित सभामा त्यो प्रतिवेदन पेस गर्ने विश्वास व्यक्त गर्न गर्दछु । सो प्रतिवेदनमा धेरै कुराहरू हुने छन् । नियमावलीले व्यवस्था गरेअनुसार सो क्षेत्रभित्र रहेर संघीयता कार्यान्वयन गर्न यस समिति पूर्ण प्रतिबद्ध रहने विश्वास व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय प्रधानमन्त्रीज्यू, संघीयता कार्यान्वयन व्यवस्थित गर्न २०७५ पुस ५ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा सम्पन्न अन्तरप्रदेश परिषद्को बैठकबाट जारी गरेको २९ बुँदे कार्य योजनालाई लागु गर्न म विशेष मान गर्दछु । सङ्घ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध व्यवस्थापन गर्न बनेको ऐन पारित भएर कार्यान्वयनमा छ । सो ऐनको व्यवस्था गरेअनुसार राष्ट्रिय समन्वय परिषद्ले पूर्णता पाउनसकेको छैन । प्रदेश र स्थानीय तहको प्रतिनिधित्व रहने सो परिषद्ले तत्काल पूर्णता पाओस म माग गर्दछु ।

यस परिषद्को वार्षिक प्रतिवेदन संसदमा पेस हुने कानुनी व्यवस्था छ । यो कार्यान्वयनमा आओस् । विषयगत समितिहरूको व्यवस्था पनि छ । क्रियाशील गराइयोस् । अर्थमन्त्रज्यूको संयोजकत्वमा अन्तरप्रदेश वित्त परिषद्को व्यवस्था छ । यसलाई कामकाजी बनाइयोस् ।

सम्माननीय अध्यक्ष महोदय, हामी नयाँ नयाँ कानुनी संरचनाको निर्माण र माग भन्दा पनि हाल भइरहेको कानुनी व्यवस्था र संरचनालाई क्रियाशील बनाऔँ कामकाजी बनाऔँ । आवश्यकताको आधारमा थप कानुन र संरचनाको निर्माण गर्न ध्यान पुऱ्याऔँ निरन्तर छलफल र बहसमा सहभागी बनौँ । संसद र सरकारबिच जीवन्त सम्बन्ध कायम गरौँ । संसदीय समितिको निर्देशन सरकार संवेदनशील बनाउने हो । संसदीय समिति फगत समितिका लागि मात्र होइन सरकारलाई जनताप्रति उत्तरदायी जवाफदेही बनाउने सरकारको कामलाई सहयो गर्ने निकाय संसदीय समिति हो भन्ने मान्यतालाई स्थापित गरौँ । समितिले पनि जारी गर्ने निर्देशन तथ्य, वस्तुपरक बनाउनेतर्फ विशेष ध्यान दिनै पर्छ । सरकार र संसदीय समितिबिच औपचारिक मात्र होइन अनौपचारिक सम्बन्ध स्थापित गर्ने सुरुवात पनि गरौँ । यस कामले हाम्रो व्यवस्था सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था संघीयता कार्यान्वयनमा मद्दत पुऱ्याउँछु भन्ने मलाई लाग्छ । गणतन्त्रको प्रतीक राष्ट्रपति.....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डाक्टर बेदुराम भुसाल ।

(१३:३३ बजे) **मानननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले हामी जुन प्रतिवेदनमाथि छलफल गरिराख्या छौं । यो प्रतिवेदन तयारी गर्ने सन्दर्भमा सबभन्दा पहिले त संघीयताको कार्यान्वयनका सवालमा विभिन्न क्षेत्रबाट प्रश्न उठेको हुनाले हामीले यसको अवस्था के छ भन्ने बारेमा अध्ययन गर्न अनुसन्धान गरेर एउटा प्रतिवेदन । अध्ययन, अनुसन्धान गरेर एउटा प्रतिवेदन प्रस्तुत गर्नका निम्ति एउटा विशेष समिति गठन गरेका थियौं । त्यो समितिले प्रदेश सभाका सदस्यहरू, प्रदेश सरकारका पदाधिकारीहरू, स्थानीय तहका पदाधिकारीहरूसमेत सँग बसेर छलफल गरेर अन्तरक्रिया गरेर त्यति मात्रै होइन । संघीय संसदका सदस्यहरूसँग पनि र केन्द्रीय सरकारका कतिपय पदाधिकारीहरू र संघीय संसदका पदाधिकारीहरूसँग समेत पनि र केही विज्ञहरूसँग समेत पनि छलफल अन्तरक्रिया गरेर एउटा प्रतिवेदन तयार गरेको छ । र यो सदनमा प्रस्तुत गरेको छ । म यो समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसखालको प्रतिवेदन प्रस्तुत गरेकोमा प्रतिवेदनले ९९ बुँदामा सिफारिस पेस गरेको छ । ९९ बुँदाका सिफारिस भए तापनि ती सिफारिसहरूको प्रकृति हेर्दाखेरि १३ प्रकारका छन् । प्रकारको हिसाबले १३ प्रकारका छन् तर मैले अध्ययन गर्दाखेरि दुइटा खालका सुझावहरू सिफारिसहरू रहेका छन् । एक खाले सिफारिसहरू ऐन कानुन बनाएर कार्यान्वयन गर्नुपर्ने खालका छन् । त्यसका निम्ति सरकारले आवश्यक ऐन कानुनहरू बनाउनुपर्ने देखिन्छ बनाउने नै छ भन्ने म विश्वास राख्न चाहन्छु भने अर्को खालका सुझाव, सिफारिसहरू सरकारले तत्काल निर्णय गरेर लागु गर्ने खालका छन् ।

म प्रधानमन्त्रीज्यू यो छलफलमा उपस्थित हुनुहुन्छ । प्रधानमन्त्रीज्यूले यसरी यो सदनको एउटा प्रतिवेदनमाथिको छलफलमा समय दिनुभएकोमा हार्दिक धन्यवाद पनि दिन चाहन्छु र प्रधानमन्त्रीज्यूसँग म के अनुरोध गर्न चाहन्छु भने यो समितिले प्रस्तुत गरेका सुझावहरूलाई यहाँले छिटोभन्दा छिटो कार्यान्वयन गरेर संघीयताको सन्दर्भमा जुन खालाका प्रश्नहरू उठेका छन् । संघीयताले जुन प्रदेश सरकारहरू बनाइयो । प्रदेश सरकारहरूले काम गर्न सकेनन् त्यसले गर्दाखेरि संघीयताको आवश्यकता छैन भन्ने जुन ढङ्गको प्रचार भैरहेको छ । त्यो प्रचारलाई असत्य साबित गर्नका निम्ति प्रधानमन्त्रीज्यूले भूमिका निर्वाह गर्नुहुने छ । पहल गर्नुहुने छ र संघीयताको माध्यमबाट हामीले जनताको नजिक सरकारलाई पुऱ्याउने जुन काम गरेका थियौं । त्यसलाई चाहिँ पूर्णता दिनका निम्ति साँचो सरकारको नजिकमा, जनताको नजिकमा सरकार पुगेको छ भन्ने देखाउनका निम्ति प्रधानमन्त्रीज्यूले पहल गर्नुहुने छ भन्ने अनुरोधका साथ बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रमिला कुमारी ।

(१३:३६ बजे) **माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले राष्ट्रिय सभामा पेस गरेको प्रतिवेदनमाथि आज छलफल भइरहेको छ । राष्ट्रिय सभाको सम्माननीय अध्यक्षज्यूको उपस्थितिमा सातवटै प्रदेशमा र तीनवटा स्थानीय तहमा समेत छलफल तथा बृहत् कार्यक्रम आयोजना गरी सम्पूर्ण सरोकारवालाहरूसँग राय सुझाव सङ्कलन भएपश्चात् मात्र यस्तो प्रतिवेदन तयार भ'को छ । त्यसैले म सम्पूर्ण पक्षलाई हार्दिक धन्यवाद दिनुको साथै आभार व्यक्त गर्दछु ।

यस विषय समितिले नेपाल सरकार र सरोकार निकायलाई कार्यान्वयनको लागि गरेका सिफारिसहरू यस प्रतिवेदनमा उल्लेख गरिएको छ । नेपालको संविधानको अधिकार सूची र यसको कार्य विस्तृतीकरणबाट समेत केन्द्र प्रदेश र स्थानीय तहबिचको कार्य जिम्मेवारीमा अझै प्रष्टता नआएकाले पाँच वर्षको अनुभवसमेतका आधारमा कार्य विस्तृतीकरणलाई परिमार्जन गरी तहहरूबिचको जिम्मेवारीमा थप प्रष्टता कायम गर्नु अति आवश्यक छ । संविधानको धारा ३८ को उपधारा (४), धारा ४२ र धारा ४७ को व्यवस्था कार्यान्वयन गर्न राज्यका हरेक निकायमा महिला, दलित, मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम, पीछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र पहाडका खस आर्यलगायतको समानुपतिक सहभागिता सुनिश्चित गर्नु जरुरी छ ।

नेपालमा लगभग ५२ प्रतिशतभन्दा बढी महिलाको जनसङ्ख्या भए तापनि राज्यको निकायहरूमा न्यून मात्रामा महिलाहरूको उपस्थित छन् । तीनै तहमा प्रमुख पदाधिकारी पदहरूमा महिलाको सहभागितालाई थप सुनिश्चित गर्न कानुनमा सुधार गर्नुपर्ने । प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा कम्तीमा ३५ प्रतिशत महिला उम्मेदवारको सुनिश्चितताका लागि आवश्यक कानुन बनाउनुपर्ने । प्रदेश सरकार र केन्द्र सरकारको मन्त्रिपरिषद्मा कम्तीमा ३५ प्रतिशत महिला मन्त्री नियुक्ति हुने कानुनी व्यवस्था मिलाउनुपर्नेलगायतका विषयवस्तुको सिफारिस प्रतिवेदनले नगरेको हुँदा संशोधन हुनु आवश्यक छ । प्रदेश र स्थानीय तहले पनि राजनीतिक स्वायत्तता, प्रशासनिक स्वायत्तता र वित्तीय स्वायत्तता नपाउनजेल सङ्घीयता मजबुत हुन सक्दैन । राजनीतिक दलहरूका प्रदेश र जिल्लास्तरका समितिलगायतका संरचनाहरूलाई सङ्घीयता अनुकूल हुने गरी परिमार्जन गर्नुपर्छ ।

कामको जिम्मेवारी प्रदेश र स्थानीय तहमा तर कर्मचारी सङ्घमै थुप्रिने स्थितिको अन्त्य गर्न कानुनी व्यवस्था मिलाउनुपर्ने र सङ्घीय निजामती .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुरेश कुमार आलेमगर । माननीय सुरेश कुमार आलेमगर ।

( १३:३९ बजे) **<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिले त म पनि सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । भर्खरै माननीय खिमलाल देवकोटाज्यूले प्रस्तुत गर्नुभएको यो प्रतिवेदन सरसर्ति अध्ययन गरियो । उहाँलगायतको टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु । एउटा महत्त्वपूर्ण गम्भीर प्रकारको रिपोर्ट उहाँहरूले पेस गर्नुभएको छ । यसैमा केन्द्रित भएर छोटो कुराहरू केही राख्न चाहन्छु । यस प्रतिवेदनले अथवा यस सिफारिसले विभिन्न १३ क्षेत्रलाई समेटेर ९९ बुँदामा आफ्नो प्रतिवेदन पेस गरेको छ । यसमा धेरै महत्त्वपूर्ण कुराहरू छन् । जस्तै एउटा धेरै विवादास्पद भएको प्रहरी ऐनको बारेमा पनि यसले सिफारिस पेस गरेको छ । र यो समावेशी प्रतिनिधित्वसम्बन्धी कानुन सम्बन्धमा चैं खस आर्यको विषयमा पनि आर्थिक रूपले विपन्न खस आर्य भनेर भनेको छ । त्यो पनि मलाई चैं ठिकै लागेको छ ।

यो सङ्घीयताको बारेमा धेरै व्याख्या विश्लेषणहरू हुन सक्छन् । एकै वाक्यमा सङ्घीयताको बारेमा के हो त भन्दाखेरि शक्ति र स्रोतहरूको बाँडफाँड । शक्ति अधिकार र स्रोतहरूको बाँडफाँड हो । जुन एकात्मक प्रणालीमा हुन्छ । त्यस्तो नहोस् भनेर सङ्घीय प्रणालीलाई अवलम्बन गर्या हुन्छ । यसरी हेर्दाखेरि यतातिर चैं त्यति साह्रो ध्यान दिएको पाइँदैन । यही सिफारिसमा हुँदाखेरि के छ भन्दाखेरि यो १६ नम्बर बुँदामा, १६ नम्बर बुँदामा दलितसम्बन्धी पछाडि परेका, पारिएका वर्गको सम्मान भन्ने बुँदामा दलितलगायत पछाडि परेको, पारिएकोहरूलाई स्वतन्त्रपूर्वक बाँच्न र जिउन पाउने अधिकार सुनिश्चितता गर्ने भनेर सिफारिस गरिया छ । मलाई लाग्छ त्यो त संविधानमा छ । संविधानले त्यसलाई ग्यारेन्टी गरेकै छ । तर त्यस्तो भा' छ किन भा' छैन त? भन्ने बारेमा यो प्रतिवेदनमा उहाँहरूले पेस गरेको सिफारिसमा बोलिया छैन । त्यसमा बोल्नुपर्ने हो जस्तो लाग्छ । बाँकी यसमा अरू कुराहरू यसमा चैं ठिकै छन् ।

केही कुराहरू मैले के राख्न चाहन्छु भन्दाखेरि यो अगि मैले भनैं सङ्घीयताको बारेमा । सङ्घीयताको बारेमा भन्दाखेरि यो सङ्घीयताको बारेमा संविधानमा भ'को कुरा पनि पहिला पनि लागु भएन । जस्तोः नगरपालिका, गाउँपालिका आदि इत्यादिको सम्बन्धित जुन आयोग थियो नामाकरण गर्ने, सीमाङ्कन निर्धारण गर्ने त्यो आयोगले पनि स्वायत्तता क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र बारे केही बोलेन । त्यो नबोलीकनै त्यो आयोगले आफ्नो प्रतिवेदन पेस गर्यो । मज्जाको कुरा के छ भने पेस गर्नेले पनि त्यो नगरीकन गर्यो । लिनेले पनि लियो । त्यो स्वीकार्य भयो । अहिले यो प्रतिवेदनमा पनि, यो समितिलाई पेस गरेको प्रतिवेदनमा पनि त्यसलाई छुइएको छैन । विशेष क्षेत्र, संरक्षित क्षेत्र, स्वायत्तता क्षेत्र यो बारेमा पनि ध्यान दिनुपर्ने हुन्छ । र सायद संविधान संशोधन गरेर बने पनि गर्नुपर्ने हो भने त्योतर्फ जानुपर्ने हुन्छ । किनकि यति बेलाको सङ्घीयता जनताले चाहेकोअनुसारको सङ्घीयता छैन । केही त पक्कै छ तर त्यसअनुसारको छैन । र यसरी यो सङ्घीयता कार्यान्वयनको सन्दर्भमा ऐन कानुनहरू निर्माण गर्दै आवश्यक परेको स्थितिमा संविधान संशोधनको हदसम्म पनि गएर गर्नुपर्ने हुन्छ । त्यो मात्रै असली सङ्घीयता हुन्छ । होइन भने अरू प्रकारको सङ्घीयताले .....(समय सकिएको ।)

**सम्माननीय अध्यक्ष**ः- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१३:४२ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, हामी सङ्घीयता कार्यान्वयन यसको अध्ययन अनुगमन तथा विशेष समिति, संसदीय विशेष समिति बनेर एउटा प्रतिवेदन हामीसमक्ष पेस भ'को छ । त्यसका विषयमा हामी छलफल गरेका छौं । हामीले के भन्दै आ'का छौं भन्दा सङ्घीयता भनेको यो सङ्घीयताले एकात्मक प्रणालीभन्दा संघीय व्यवस्था ठिक हो । यसले सङ्घको अधिकार अथवा केन्द्रीकृत प्रणालीको अधिकार तल सङ्घ र प्रदेश र स्थानीय तहमा विभाजन गरेको छ भनेर हामीले सिंहदरबारको अधिकार गाउँ गाउँसम्म आइपुग्यो भनेर हामीले भन्दै गयौं । आज जनताहरू ती अधिकार प्रयोग गर्नका निम्ति संविधानमा प्रष्टै व्यवस्था भ'को छ ।

यो प्रतिवेदनले पनि ती सबै कुराहरूलाई अध्ययन, अनुगमन, छलफल र सुझावहरू लिएर करिब ९९ वटा बुँदामा आफ्नो कुराहरू राखेको छ । निश्चय पनि सङ्घीयता भन्नेबित्तिकै स्रोतको बाँडफाँट, शक्तिको बाँडफाँट हो । र संविधानमा अनुसूचीमा प्रष्ट व्यवस्था भ'को छ । कि सङ्घको अधिकार कति, प्रदेशको अधिकार कति र स्थानीय तहको अधिकार कति भनेर प्रष्ट

व्यवस्था भ'को छ । ती अधिकार कार्यान्वयन गर्ने सिलसिलामा साझा अधिकारका नाममा आज स्थानीय तहले ती अधिकारहरू, प्रदेशले ती अधिकारहरू प्रयोग गर्न सकिरहेका छैनन् । र समस्या हामीलाई यहीनिर पर्यो भन्ने कुरा उहाँहरूले राखिराख्नुभ'को छ । र अहिले सङ्घीयताप्रति सबैतिरबाट क्वोइसन उठिसकेपछि यो सङ्घीयतालाई जनताको पक्षमा कसरी उभ्याउने भन्ने विषयमा संविधानमा मौलिक हकमा धेरै कुराहरू उल्लेख भ'का छन् । ती मौलिक हकमा व्यवस्था भएका कुराहरूलाई सरकारले ऐन बनाएर कार्यान्वयनमा लियो भनेपछि धेरै कुराहरू समाधान हुन सक्छन् ।

र मैले केही सुझावहरू यसबाहेकका केही सुझावहरू राखेको छु । र सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारका प्रधानमन्त्री स्वयम् उपस्थित हुनुभ'को छ सम्माननीय प्रधानमन्त्रीज्यू । वहाँको पनि ध्यान जानेछ भन्ने कुराहरू मैले आशा गरेको छु । यदि नीतिमा त्रुटि छ भने नीति सच्याउनुपर्छ । यदि ऐनमा चैं कहीं कमजोरी भ'को छ भने ती ऐन पनि संशोधन गर्नुपर्यो । र नीति र कार्यक्रमहरू जसरी पेस भएका छन्, नीति र कार्यक्रमले प्रष्टसँग म्याच गर्न सकिरहेको छैन । र केन्द्रमा स्थानीय तह र प्रदेश तहमा कर्मचारीको अभावमा सेवा प्रवाह हुन सकेको छैन । ती कर्मचारीहरूलाई तल पठाउनका निम्ति तत्काल निर्णय लिनुपर्दछ । र त्यसै गरी स्थानीय तहलाई विधायकी अधिकार दिएको छ । एउटा विधायकी अधिकार प्रयोग गर्ने सिलसिलामा कसरी प्रयोग गर्ने विषयमा जनशक्तिको अभावमा तल स्थानीय तहले त्यो विधायकी अधिकार प्रयोग गर्न नसकिरहेको अवस्था छ । यसको निम्ति केन्द्रले पनि तत्काल त्यहाँ चैं कानुन अधिकृतको व्यवस्था भइदिएपछि राम्रो हुन्छ भन्ने लागिरहेको छ ।

र यहीसँगै यो यसमा विभिन्न क्षेत्रहरू राजनीतिक क्षेत्रहरू, वित्तीय क्षेत्रहरू त्यसपछि प्रशासनिक क्षेत्रहरू, संरचनागत क्षेत्रहरू सबैलाई समेटेर बुँदागत रूपमा जम्मा ९९ वटा बुँदा समेटेर आ'को छ । यो चैं सङ्घीयता कार्यान्वयनका सवालमा वर्तमान सरकारको नेतृत्व गर्नुभएका सम्माननीय प्रधानमन्त्रीज्यूले यसलाई गम्भीर ढङ्गले लिएर अगाडि बढ्नुहुने छ भन्ने विश्वासका साथ म आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय जयन्ती देवी राई ।

(१३:४६ बजे) **<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, जुन संविधान कार्यान्वयन अध्ययन तथा अनुगमन

संसदीय विशेष समितिको जुन समितिले ल्याएको प्रतिवेदन, अत्यन्तै महत्त्वपूर्ण प्रतिवेदनमाथि हामी छलफल गरिराखेका छौं । र मैले यहाँ धेरै कुराहरू सुझाव दिने म छैन । र जुन यो प्रतिवेदन धेरै एकदमै मिहिन ढङ्गले दुःख गरेर सात सातओटा प्रदेशबाट सबै सम्बन्धित व्यक्तिहरूसँग छलफल गरेर ल्याउनुभा' छ । यो टिमलाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

र म आज हाम्रो साथमा सम्माननीय प्रधानमन्त्रीज्यू हुनुहुन्छ । र उहाँलाई एकदमै यो प्रतिवेदनलाई पूर्ण रूपमा कार्यान्वयनको निम्ति उन्मुख हुनको निम्ति म हार्दिक अनुरोध गर्न चाहन्छु । र किनभने यति बेला सङ्घीयता कार्यान्वयनको सन्दर्भमा मात्रै होइन सङ्घीयतैसम्बन्धी चैं विभिन्न प्रश्नहरू उठिरहेको छ । र जनताको मन मस्तिष्कमा एकदमै यो खलबलाउने किसिमको अवस्था सिर्जना भइरहेको छ । त्यसो भ'को कारणले पनि आज समस्या छ । जुन सङ्घीयताको मर्म हो कि आज जनताहरूलाई राज्यको शक्ति र स्रोतको पहुँचमा माथिदेखि तलसम्म समान ढङ्गले वितरण गर्ने जुन कुरा अत्यन्त यो ठिक कुरा हुँदा हुँदै पनि हामीले त्यो ढङ्गले लान सकिरहेका छैनौं । हाम्रो बिचमा माथिदेखि तलसम्म एउटा समन्वय हुन सकिरहेको छैन । तर यो व्यवस्थालाई हामीले सही हुँदा हुँदै पनि कार्यान्वयन गर्न नसक्ने तर व्यवस्थाप्रति नै वास्तवमा यो क्वोइसन उठाउने कुरा चैं आज गलत भइरहेको छ । त्यसो भ'को कारणले आज हामी सबैको ध्यान त्यता जान पर्ने जरुरी छ ।

र सङ्घीयताको मूल मर्म नै मलाई लाग्छ आज सम्पूर्ण जनताहरूको अधिकारलाई आज समानुपातिक, सहभागी र समावेशी सिद्धान्तको आधारमा आज यो समाजलाई आमूल परिवर्तन गर्ने र यो लोकतन्त्रलाई सामाजिक न्यायिकसहितको लोकतन्त्र र दिगो विकास, स्थायी शान्ति आज त्योसँग गाँसिएको होला भन्ने मलाई लाग्छ । त्यसकारणले आज हामीसँग बाँकी रहेका थुप्रै थुप्रै कानुनहरू बाँकी रहेको छ । र आज हाम्रा अधिकारहरूमा विभिन्न किसिमका हाम्रा साझा अधिकार होला, एकल अधिकार होला, केन्द्रको, प्रदेशको र स्थानीय सरकारका यी कतिपय नपुगेका कुराहरूलाई हामीले तदारुकताका साथ कानुनहरू ल्याएर हामीले यो सङ्घीयतालाई साँचो ढङ्गले जुन सङ्घीयता र यो स्पष्ट संविधानले नै यसलाई निक्र्योल गरेको कुरा छ । त्यो भ'को कारणले पनि यो सङ्घीयतालाई हामीले सही ढङ्गले कार्यान्वयन गर्यौं भने आज नेपाली जनताहरूले देखेको सपना हामी पूरा गर्न सक्छौं र सङ्घीयताको मर्मलाई पूरा गर्न सक्छौं । र आज आम नेपाली जनताहरूले वर्षौंदेखि आन्दोलन गरेको, समर्पण गरेको, त्याग गरेको कुराहरूलाई हामी साबित गर्न सक्छौं भन्ने मलाई लाग्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जगप्रसाद शर्मा ।

**(१३:४९ बजे) <u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, एउटा नेपालमा ठुलो परिवर्तन भइसकेपछि त्यो परिवर्तनलाई संस्थागत गर्न बनेको संविधान, त्यो संविधानको महत्त्वपूर्ण कुरा एउटा सङ्घीयता । त्यो सङ्घीयता किन कार्यान्वयन हुन सकेन भन्ने पृष्ठभूमिबाट अगाडि बढेर जे यहाँ छलफल चल्यो राष्ट्रिय सभामा गत जेठ १९ गते जुन सङ्कल्प प्रस्ताव यहाँ पेस भो' । एउटा टोली निर्माण भएर सातैवटा प्रदेशबाट एउटा गहिरो अध्ययन, व्यवहारिक अध्ययन गरेर जे ढङ्गको प्रतिवेदन यहाँ प्रस्तुत भएको छ त्यसमा खास गरी जो एउटा भाव र स्पिडमा छलफल चलिरहेको छ । र खास गरी सङ्घीयता यो नेपालको राज्य व्यवस्थामा भएको ठुलो परिवर्तनका रूपमा यसलाई लिनुपर्छ भन्ने मलाई लाग्छ ।

र यो सङ्घीयता खास गरी सङ्घीयता किन कार्यान्वयन हुन सकेन भन्ने सन्दर्भमा मैले ५, ६ ओटा बुँदाहरू यहाँ उल्लेख गर्न चाहन्छु । एउटा पहिलो कुरा संविधानअनुरूप कानुनहरू समयमा निर्माण हुन सकेनन् । एउटा समस्या यहाँ रहेको छ । दोस्रो कुराः सरकारहरू त बदलिए तर संस्कारहरू बद्लिन सकेनन् । यो पनि समस्या रह्यो भन्ने लाग्छ । तेस्रो कुराः सङ्घीयता आफैमा यो ठुलो परिवर्तन थियो । यसलाई संविधानले नै सुनिश्चित गरेको छ । तीन 'स' सहकार्य, सहअस्तित्व र समन्वय गरेर यसलाई ठिक ढङ्गले कार्यान्वयन गरेर अगाडि जाने कुराको उचित तालमेल हुन सकेन भन्ने लाग्छ । र अर्को अनुभवको पनि केही कमी रह्यो । र त्यसको साथसाथै राज्यको पुनर्संरचना त भयो । तर राज्यका कतिपय अन्य महत्त्वपूर्ण अङ्गहरू पुनर्संरचना हुन बाँकी छन् । जस्तोः न्यायलय, ब्युरोक्रेसी कर्मचारीतन्त्रलगायत शासकीय स्वरूप निर्वाचन प्रणाली यीले पनि जस्तो असर गरेको कारण, ठिक ढङ्गले कार्यान्वयन हुन सकेन भन्ने देखिन्छ ।

र अर्को कुरा समावेशी र समानुपातिक सिद्धान्त जो आफैमा सुन्दर, राम्रो नेपालको विशेषता र मौलिकतामा अगाडि सारिएको सिद्धान्त थियो, हो यसको व्यवहारिक कार्यान्वयन ठिक ढङ्गले हुन सकेन । यी कारणले समयमा अपेक्षाकृत कार्यान्वयन हुन सकेन भन्ने लाग्छ । र यसलाई कार्यान्वयन गर्नका निम्ति संविधानअनुरूप कानुन निर्माण गर्ने कुरामा जोडतोडले अगाडि बढ्नुपर्छ पहिलो कुरा । दोस्रोः बाँकी रहेका राज्य पुनर्संरचना कतिपय अवयवहरूलाई पुनर्संरचना गर्ने दिशामा लिनुपर्छ । तेस्रोः समावेशी र समानुपातिक सिद्धान्तलाई व्यवहारतः कार्यान्वयन गर्नुपर्छ र अर्को आर्थिक स्थितिले धान्न सक्ने प्रकारका नै राज्यका संरचनाहरू बनाएर मात्र

अगाडि जान सकिन्छ । र यसलाई कार्यान्वयन गर्ने कुरामा यसले अगाडि लिनुपर्छ । यी सुझावहरू म व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कमला पन्त ।

(१३:५१ बजे) **<u>माननीय श्री कमला पन्त (नेपाल काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, हामी आज सङ्घीयता कार्यान्वयनको अवस्थाको बारेमा यही संसदले बनाएको समितिले खिमलाल देवकोटाको संयोजकत्वमा बनेको समितिले पेस गरेको प्रतिवेदनका बारेमा छलफलमा लागेका छौं । यसले यो सङ्घीयता भनेको नेपालको संवैधानिक इतिहासमा एउटा महत्त्वपूर्ण पक्ष हो । हामीले सातवटा संविधान बनायौं । अन्तमा आएर सङ्घीयतामा ०७२ को संविधानले हामीलाई सङ्घीयतामा पुर्‍याएको छ । सङ्घीयताको तीनवटा 'स' अध्यक्ष मह्योदय, तीनवटा 'स' सहअस्तित्व, सहकार्य र समन्वय । यो तीनवटा पक्षको सहअस्तित्व, सहकार्य र समन्वय हुन सकेन भने सङ्घीयता कमजोर हुन्छ भन्ने प्रतिवेदनले पनि ठहर गरेको छ । मलाई पनि त्यस्तै लाग्छ अध्यक्ष महोदय ।

अब हामी यो संविधानले दिएको अत्यन्त महत्त्वपूर्ण अधिकार प्रयोग हामी सिंहदरबारको अधिकार गाउँमा पुर्‍याउने, हाम्रो घरमा सिंहदरबारको अधिकार आइपुगेको छ भनेर जनताले धेरै भनेका पनि छन् । केही त राहत पनि भा'को छ । केही चैं भौगोलिक कारणले अझ विकटता पनि बेहोर्नुपरेको छ जनताले । वडाको ठुलो पालिका भयो । त्यो पालिकाको सदरमुकाममा जानुभन्दा पनि गाउँपालिकामा पुग्न, नगरपालिकामा पुग्न पनि कठिन भ'को अहिलेको अवस्था छ । भौगोलिक कुरालाई त हामीले केही गर्न सक्दैनौं अध्यक्ष महोदय । भुगोललाई हामीले टुक्र्याउन पनि सक्दैनौं । त्यसलाई साँघुर्‍याउन पनि सक्दैनौं । तर त्यसले प्राप्त गर्ने सुविधाहरू चैं अब हामीले सुविधा प्राप्त गर्नुपर्‍यो । जस्तैः शिक्षा ऐन बनेको छैन अध्यक्ष महोदय । शिक्षा ऐन नबनेको केन्द्रले, सङ्घले शिक्षा ऐन दिन नसकेको कारणले गर्दा प्रदेशमा त्यसको असर परेको छ । र त्यसको कारणले आधारभूत शिक्षा चैं हामीले स्थानीय तहमा दिएका छौं । तर त्यो उपयोग गर्नको लागि ज्यादै कठिन भ'को अहिलेको अवस्था छ । त्यसले गर्दा आफूले प्राप्त गरेको अधिकार प्रयोग गर्नको निम्ति पनि सामर्थ्य र साधनको जरुरी पर्छ । सामर्थ्यको पनि उपलब्ध त्यति छैन । तर अधिकार दिएर मात्र पनि भएन । साधन र स्रोत पनि कम छ । (अध्यक्ष महोदय, मैले टुङ्ग्याउन लागिसकें ।) त्यही भएर अब १३ वटा शीर्षकमा ९९ वटा

बुँदा बनाएर यो प्रतिवेदन पेस भ'को छ । म सरकारलाई सम्माननीय अध्यक्षमहोदयका मार्फतबाट यो प्रतिवेदन जुन छ यसले मागेको कुरा के छ? यसले अवश्य पनि सङ्घीयतालाई बलियो बनाउने नै प्रतिवेदन पेस गरेको हो भन्ने सम्झिएर यसको कार्यान्यनमा सरकार जुटोस् । यसले सही कार्यान्वयन र सकारात्मक सोच जनतालाई आउने काम .....(समय सकिएको ) ।

**सम्माननीय अध्यक्ष**:- माननीय भगवती न्यौपाने ।

(१३:५५ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, वास्तवमा यो सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन, संसदीय विशेष समितिले जुन प्रतिवेदन प्रस्तुत गरेको छ वास्तवमा म समितिलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । अहिले सङ्घीयताको विषयमा जुन ढङ्गले टीकाटिप्पणी गरिएको छ त्यसका निम्ति पनि एउटा अनुसन्धानात्मक खोजको आवश्यकता थियो । त्यो खोज्ने काम, अध्ययन गर्ने काम यो समितिले गरेको छ । र वास्तवमा सैद्धान्तिक रूपले सङ्घीयता बेठिक नहुँदा नहुँदै पनि आज जुन खालको यसको व्यवहारिक रूपमा देखएका, अभ्यास गर्ने क्रममा देखिएका केही त्रुटिहरूको कारणले गर्दाखेरि जुन ढङ्गले वितृष्णा एउटा पैदा गराउन खोजिएको छ, जुन प्रश्न उठाइएको छ यो विषयमा गहन बहसको आवश्यकता थियो । त्यसले गर्दाखेरि पनि आज यो जुन बहस हामीले गरिएको छ त्यसका निम्ति सम्माननीय प्रधानमन्त्रीज्यूको समेत उपस्थिति यहाँ भएको छ । सम्माननीय प्रधानमन्त्रीज्यूकै उपस्थितिमा आज हामीले यो बहस गरिराखेका छौं । सङ्घीयताको कार्यान्वयनको सवालमा । देखिएका केही कमजोरीहरूको विषयमा । म सम्माननीय प्रधानमन्त्रीज्यूलाई सम्माननीय अध्यक्षज्यूमार्फत हार्दिक धन्यवाद पनि व्यक्त गर्न चाहन्छु ।

खास गरी सङ्घीयताको विषयमा जनताले उठाएका प्रश्नहरू के हुन् भने सुशासनको अनुभूति गर्न पाइएन भन्ने खालको जुन एउटा जनताले आफ्नो अनुभूति सुनाइराखेका छन् त्यो विषयमा चैं सरकार संवेदनशील बन्नुपर्ने छ । जनप्रतिनिधिहरू संवेदनशील बन्नुपर्ने छ । प्रतिनिधित्वको हिसाबले समावेशी, समानुपातिक प्रतिनिधित्वको केही सन्तोष गर्न सक्ने ठाउँमा छौं । अझै पनि पूर्ण रूपले हामी सन्तोष गर्न सक्ने अवस्थामा त छैनौं । तर पनि केही सन्तोषजनक अवस्था छ । र सबै जनतालाई अधिकार सम्पन्न बनाउने हिसाबले पनि केही सन्तोष गर्न सकिने ठाउँमा छ । तर समृद्धिको हिसाबले अझै यो सङ्घीयताको मक्सद जे हो त्यो मक्सदअनुसार हुन सकिरहेको छैन । वित्तीय सङ्घीयताको विषयमा पनि त्यसलाई प्रभावकारी बनाउने हिसाबमा पनि

केही प्रश्नहरू उठिराखेका छन् । प्रशासनिक सुधारको रूपमा पनि केही प्रश्नहरू उठिरहेका छन् । खास गरी प्रदेश र सङ्घले आफ्नो आयआर्जन बढाउनेभन्दा पनि वित्तीय हस्तान्तरणमा बढी भर परिरहेको अवस्था छ । र कतिपय चैं एउटा यो सबैभन्दा बढी सिंहदरबार जनताको घर घरमा उपस्थित हुन्छ भन्ने जनतालाई जुन खालको एउटा परिरहेको थियो त्यो अनुभूति जनताले गर्न सकिरहेका छैनन् । त्यसैले गर्दाखेरि त्यो अनुभूति दिलाउन आवश्यक छ । र आज स्थानीय तहले आफ्नो अधिकार के हो? सबै तहले आफ्नो अधिकार के हो? संविधानले व्यवस्था गरेको अनुसूची-५ देखि अनुसूची-९ सम्मका जुन अधिकार छ त्यो अधिकारको बारेमा सबै तह सुसूचित छैन भन्ने त मलाई लाग्दैन । सुसूचित हुँदाहुँदै पनि आफ्नो कार्य क्षेत्र के हो? आफ्नो अधिकार के हो? आफ्नो दायित्व के हो? भन्ने विषयमा चैं .....(समय सकिएको ) ।

**सम्माननीय अध्यक्ष**:- माननीय उदय बहादुर बोहरा ।

( १३:५८ बजे) **माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, यो सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको जुन सिफारिस यहाँ छलफल हुँदै छ । र यसमा खास गरेर सङ्घीयता कर्यान्वयनको यो पाँच वर्षको अभ्यास र अनुभवको आधारमा सरोकारवाला सबै समूह, सङ्घ, संस्था, व्यक्ति सबैसँग व्यापक रूपमा छलफल र अन्तरक्रिया गरेर, अनुसन्धान गरेर र त्यसमा अध्ययन गरेर एउटा निष्कर्षसहितको सिफारिस विशेष समितिले यहाँ पेस गरेको छ । र मलाई के लाग्छ भने अब यो समितिले पेस गरेका जुन सिफारिस छ यो 'क' देखि 'ड' सम्म १३ वटा क्षेत्रमा र ९९ वटा बुँदाहरू यी सबै महत्त्वपूर्ण छन् । र यी बुँदाहरूलाई कार्यान्वयन गर्ने कुराहरू खास गरेर सम्माननीय प्रधानमन्त्रीज्यू यहाँ हुनुहुन्छ । र उहाँले यसलाई कार्यान्वयनको पाटोमा अब यसलाई एकदमै प्राथमिकताका साथ लग्नुहुने छ भन्ने मलाई लाग्या छ । किनभने अहिले सङ्घीयतामा यो वा त्यो कोणबाट प्रहार भइरहेको छ । सङ्घीयतालाई साह्रै यो वा त्यो कोणबाट? कसरी यसलाई एउटा निष्क्रिय बनाउने? एउटा निष्प्रभावित बनाउने भन्ने खालका जुन सोचहरू आइराख्या छन् त्यसो भ'को हुनाले यो एकदमै उपयुक्त समयमा यो समितिले यो सिफारिससहित यी सबै विषयवस्तुहरूमा सिफारिस गरेको छ ।

र सम्माननीय अध्यक्षज्यू, अब अहिले चैं यसमा के छ भनेदेखिलाई जुन 'क' देखि 'ड' सम्म यसमा प्रधानमन्त्रीको जुन सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा हुने अन्तरप्रदेश

समन्वय परिषद्लाई यसलाई सशक्त बनाउनुपर्ने, प्रदेश प्रशासनिक समन्वय परिषद् जो मुख्य सचिवको अध्यक्षतामा यसलाई सक्रियतापूर्वक अगाडि बढाउनुपर्ने र यसले लिन पर्ने निर्णयहरूलाई सशक्त रूपमा लागु गर्नुपर्ने र यी सबै चिजहरू यो समस्याको रूपमा देखिएको प्रशासनिक एउटा सङ्घीयतालाई यसलाई एउटा प्रशासन आयोग, एउटा गठन गर्ने सवालहरूमा पनि यो यसमा उल्लेखित छ । र केही यो कार्यान्वयनको सवालहरूमा तहगत रूपमा जुन देखिएका समस्याहरू छन् । र यसलाई अझ बढी सशक्त रूपमा अगाडि बढाउनको लागि र यसलाई अधिकार क्षेत्रको थप स्पष्टता, अस्पष्टतालाई स्पष्टता बनाउनको लागि संविधानमा कहीँ कतैतिर अङ्कुश लगाइएका अवस्थाहरूमा यो संविधानमा पनि केही संशोधन गरेर अगाडि बढाउनुपर्छ । र यसलाई अझ बढी सङ्घीयतालाई एउटा अझ बढी सशक्त बनाउन र यसलाई कार्यान्वयन गर्न अझ बढी यसले सहयोग पुगाउँछ भन्ने कुरा यो सिफारिसले अगाडि बढाको छ । र अन्त्यमा म सम्माननीय प्रधानमन्त्रीज्यूलगायत सम्पूर्ण मन्त्रालयले र खास गरेर सम्माननीय प्रधानमन्त्रीज्यूको .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय मोहम्मद खालिद ।

(१४:०१ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, संघीयता कार्यान्वयनसम्बन्धी विशेष समितिले प्रस्तुत गरेको यो प्रतिवेदन खास गरी संघीयताको विरूद्धमा षडयन्त्र हुने बेलामा भइरहेको बेलामा यो समितिको गठन सम्माननीय अध्यक्षज्यूबाट यसको उदाहरणीय अभिभावकत्त्व र आदरणीय माननीय खिमलाल देवकोटाजीको कार्य कुशलता र दक्षता र अनुभवबाट आएको यो प्रतिवेदन यस बेला स्वागतयोग्य देखिरहेको छु । खास गरी यसमा प्रस्तुत गरेको नाइन्टी नाइन, ९९ सुझावहरू जुन छन् । वास्तवमा यो सङ्घ, प्रदेश र स्थानीय सरकार तीनओटै सरकारलाई मनन्योग्य प्रस्तावहरू, सुझावहरू छन् ।

म विशेष गरी यसमा संविधानले दिएका विशेष गरी धारा ३४ (४), ४२ र ४७ मा दिएका अधिकारसम्बन्धी म सम्माननीय अध्यक्षद्वारा सरकारको ध्यानाआकर्षण गराउन चाहन्छु । यसमा केन्द्र र प्रदेश दुइटैले उदाशीनता देखाइरहेको छ । यतातिर ध्यान आकृष्ट हुनु एकदम जरुरी देखिन्छ । त्यसै यस सुझावको क्रम सङ्ख्या २० मा जुन प्रहरी समायोजनको कुरो छ, सुझाव छ । त्यो पनि अत्यन्त महत्त्वपूर्ण हो । यो सुझाव नै कार्यान्वयन भइदियो भने मलाई लाग्छ कि संघीयताको मर्म र उद्देश्य हामी पाउन सक्छौं । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुल प्रसाद विश्वकर्मा ।

(१४:०३ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन विशेष समितिको प्रतिवेदनउपर छलफल गरिरहेका छौं । र यहाँ संघीयतालाई कसरी लागु गर्ने, कसरी सबल बनाउने भन्ने कोणबाट यो प्रतिवेदन आएको छ । र त्यो हिसाबले आफ्नो ठाउँमा यो प्रतिवेदन ठिकै होला । तर यो देशमा संघीयताको बारेमा एक मत मात्रै छैन । संघीयता ठिक छ । यसलाई लागु गर्नुपर्छ । र यही नै यो देशको लागि उपयुक्त छ भन्ने एउटा मत छ । अर्को यो संघीयता पूर्ण रूपमा ठिक छैन । यो अधुरो छ भन्ने पनि मत छ । त्यसको साथ साथै नेपाल जस्तो यस खालको भू-राजनीतिक स्थितिमा रहेको देश आर्थिक रूपले विपन्न, कमजोर राष्ट्रमा यो संघीयता लागु हुन सक्दैन । र यो देशको उपयुक्त शासन प्रणाली भनेको प्रजातान्त्रिक विकेन्द्रीयतामा आधारित एकात्मक शासन नै हो भन्ने मत पनि रहेको छ । र त्यो मत हाम्रो दलको मत रहेको छ ।

त्यसैले नेपालको सन्दर्भमा यो संघीयतालाई जति हामीले लागु गर्ने कोसिस गर्दै जान्छौं । जति तलसम्म यसलाई लैजाने कोसिस गर्छौं । जनताको बिचमा त्यति यसप्रतिको एउटा अन्तरविरोधहरू र जनताको बिचमा विभिन्न खालका ऊहरू उठिरहेका छन् । यहाँ माननीयज्यूहरूले कतिपय माननीयज्यूहरूले कुरा पनि उठाउनुभो' कि यसलाई विभिन्न कोणबाट, यो वा त्यो कोणबाट चाहिँ फेल गर्ने किसिमले चाहिँ कुरा उठाइएको छ । त्यो होइन । यो देश र जनताको हितको लागि र यहाँको लागि चाहिँ हाम्रो नेपाली आवश्यकताको लागि हामीले कुरा गरिरहेका छौं । कि हामीले कुनै विदेशी प्रणालीको नक्कल गरेर जबरजस्ती यहाँ लागु गरेर । त्यो कहिले पनि फिट हुन सक्दैन् । त्यसकारणले म के भन्न चाहन्छु भने यो संघीयता नेपालको लागि उपयुक्त छैन भन्ने मत चाहिँनी जाहेर गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय विमला घिमिरे ।

(१४:०६ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामीले संघीता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले पेस गरेको प्रतिवेदनउपर छलफल गरिरहेका छौं । नेपालको संविधान, २०७२ जारी गरेसँगै हामीले

प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्दै दुइओटा आम निर्वाचन सम्पन्न गरिसकेका छौं । एकात्मक राज्य प्रणालीबाट संघात्मक राज्य प्रणालीमा मुलुकलाई परिवर्तन गर्दै तीन तहका संरचनाहरू सङ्घ, प्रदेश र स्थानीय तह निर्माणसहित अगाडि बढेको हाम्रो मुलुक अधिकारको बाडँफाँट संविधानमार्फत गरियो भने केही कानुनहरू बनाएर लागु गर्नुपर्ने आवश्कता देखियो । सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, नीति तथा कार्यक्रमहरू, योजना तयार पार्नुका साथै त्यसको कार्यान्वयनसमेत हुन थालेको छ । तर त्यसमा केही कानुनी जटिलताहरू छन् । केही व्यावहारिक जटिलताहरू छन् । केही वित्तीय जटिलताहरू देखा पर्न थालेका छन् । ती संरचनाहरूलाई थप बलियो बनाउनका निम्ति राज्यको तर्फबाट के गर्नुपर्छ भन्ने विषयलाई ध्यान आकृष्ट हुँदै राष्ट्रिय सभाले, यो सम्मानित सभाले जुन समिति बनाएर अगाडि बढाएको छ । त्यो समितिलाई म हार्दिक धन्यावद दिन चाहन्छु । जुन प्रतिवेदन पेस गरेर हामीले यो एउटा छलफलको पनि एउटा अवसर प्राप्त भयो । र खास गरी सरकारले यसलाई कार्यान्वयन गर्ने कुरामा यो समितिले पेस गरेका प्रतिवेदनका आधारमा कार्यान्वयन गर्न सक्यो भने साँच्चै गरी संघीयता नेपालमा यो प्रभावकारी देखिन्छ । र जनताको बिचमा पनि यसले अलिकति त्यो लोकप्रियता हासिल गर्न सक्छ भन्ने कुरा मलाई लाग्छ । र म त्यो आग्रह चाहन्छु । खास गरी यसका यसले दिएका सबै प्रतिवेदनका बुँदाहरू जुन सिफारिस गरेको छ । यसमा धेरै कुराहरू समेटिएका छन् ।

तथापि केही विषयवस्तुहरू म यहाँ रायको रूपमा राख्न चाहन्छु । खास गरी यो महिला सहभागिताको विषयलाई लिएर प्रतिनिधि सभा र प्रदेश सभामा महिला सहभागिताको कुरामा यो उम्मेदवार मात्रै सुनिश्चित गरेर हुँदैन । खास गरी प्रतिनिधित्वको सुनिश्चित कसरी गर्न सकिन्छ भन्ने विषयमा एउटा बहस चलेकै छ अहिले पनि हामी खास गरी क्षेत्र नै सुरक्षित गरेर त्यो क्षेत्रमा महिलाहरूलाई मात्रै उम्मेदवार बनाउन सक्यो भने मात्रै त्यो सहभागिता सुनिश्चित हुन्छ । यो उम्मेदवार मात्रै सुनिश्चित गरेर मात्रै पनि अलि पुग्दैन कि? भन्ने म यो प्रतिवेदनमा सुझाव दिन चाहन्छु । र खास गरी अहिले नेपाल सरकारले पनि जुन आफ्नो नीति तथा कार्यक्रममा यसलाई ध्यानाकर्षण गरेर यो बिस नम्बर बुँदामा ल्याएको छ । यसलाई कार्यान्वयन गर्ने कुरामा म सम्माननीय प्रधानमन्त्रीज्यूकै उपस्थितिमा हामीले छलफल गरिरहेका छौं । म सम्माननीय अध्यक्षमार्फत ..... (समय सकिएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सिंह वहादुर विश्वकर्मा ।

(१४:०९ बजे) **<u>माननीय श्री सिंह वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, २०७९ साल जेठ २० गते हाम्रो सदनले सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति गठन गरेको थियो । यस समितिले निक्कै गहिरो अध्ययन गरी तयार पारेको आफ्नो प्रतिवेदन यस सम्मानित सदनमा पेस गरेको छ । सङ्घीयता कार्यान्वयन प्रभावकारी बनाउन समितिले नेपाल सरकारलगायत राज्यका सम्बन्धित अन्य निकायलाई १३ ओटा विषयमा ९९ ओटा सिफारिस गरेको छ । यी सिफारिसहरू तथ्य आधारित छन् । यी सिफारिसहरूको मर्मलाई आत्मसाथ गरी इमान्दारीपूर्वक कार्यान्वयन गर्न सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकार र अन्य सम्बन्धित निकायको ध्यान आकर्षित गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, हाम्रो संविधानको भाग-५ मा राज्यको संरचना र राज्य शक्तिको बाडँफाँटसम्बन्धी व्यवस्थित गरिएको छ । संविधानको धारा ५६ को उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तह हुने छ । भनिएको छ । संविधानमा यो व्यवस्था गर्नुको मूल तात्पर्य मुलुकमा शान्ति र सुशासन कायम गरी समृद्धि हासिल गर्नु हो । विगत केन्द्रीकृत राज्य शासन प्रणालीबाट मुलुकले अपेक्षाकृत प्रगति गर्न सकेको छैन । र जनता र शासकको दुरी टाढा भयो । यी सबै अनुभवहरूले आधार बनाई राज्यका सबै शक्तिको सदुपयोग गरी मुलुकलाई समान बनाउन हामीले यो अहिलेको शासन प्रणाली रोजेका हौं । जनताले बोलेको, सुनेको प्रणाली जनताले हेर्दा देखिने, जनताले खोज्दा भेटिने शासक र राज्य व्यवस्था चाहिन्छ भनेर संविधान हाम्रो देशमा लागु गरिएको हो ।

संविधान जारी भएको झन्डै एक दशक पूरा भइसकेको छ । यस अवधि संघीयताको कार्यान्वयन जुन रूपमा प्रभावकारी हुन पर्थ्यो । त्यसरी प्रभावकारी हुन सकेको छैन । केन्द्रमा विगतको केन्द्रीकृत मानसिकता भेटिएको छैन । भने प्रदेश र स्थानीय तह जति सृजनशील र जनउत्तदायी हुनपर्थ्यो । त्यो हुन सकेको छैन । बरु केन्द्रको भ्रष्टाचारले प्रदेश र स्थानीय तहमा पनि उग्र रूप लिएको छ । यो नकारात्मक र प्रभावलाई हटाई जनसेवा न्याय र समानतालाई स्थापित गरी संघीयताको सकारात्मक प्रभाव स्थापित गर्न ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण प्रसाद दाहाल ।

(१४:१२ बजे) **मानननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, आज संघीयतासम्बन्धी विषयमा हाम्रो यो सदनमा बनेको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदनमाथि हामी छलफल गर्दै छौँ । सुरुमै मैले के राख्न चाहन्छु भने हाम्रो राज्य व्यवस्था सञ्चालन गर्न देखापरेका कतिपय अफ्ठ्यारा र समस्याहरूलाई मध्यनर गर्दै बनिने समितिहरूका सुझावहरू जति आउने गर्छन् । ती सुझावहरूको आउने सुझाव राम्रा हुन्छन् । तर कार्यान्वयन नहुने रोग हाम्रोमा छ । यो अलि गम्भीर विषय हो । यहाँ सबै माननीयज्यूले उठाउनुभ'को छ । कि सुझाव आउने तर कार्यान्वयन नहुने जो रोग छ । त्यसबाट यो प्रतिवेदन यहाँ सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा जो छलफल भइरहेको छ । मलाई विश्वास छ, यो तुरून्तै कार्यान्वयन हुने छ ।

अर्को कुरा हामी यो संघीयता सन्दर्भमा जति हामी हाम्रा विषयवस्तुहरूलाई कार्यान्वयनमा ढिलाइ गर्दै जान्छौँ । त्यति नै संघीयता विरोधी सोचहरू, भावनाहरू बढी देखिने हुनाले हामीले यो संघीयताको सशक्त कार्यान्वयनमा ढिला गर्नुहुँदैन । र यसलाई गम्भीरतासाथ लिन जरुरी छ । यो प्रतिवेदनमा १३ ओटा जो शीर्षकमा, क्षेत्रहरूमा ९९ ओटा जो सुझाव आ'का छन् । त्यसमा कतिपय तत्काल नै कार्यान्वयन गर्नुपर्ने देखिन्छन् । कतिपय अलि दीर्घकालीन रूपमा पनि छन् । तर तत्कालै कार्यान्वयन गर्ने विषयहरूलाई हामीले मतलब सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारले ती विषयमा चाहिँ तदारुकता देखाओस् भनी म विशेष आग्रह गर्न चाहन्छु । यहाँ हामीले व्यवस्था बदल्ने कुरा त्यति धेरै कठिन जस्तो लागिरहेको छैन तर चाहिँ देशको, जनताको अवस्था बदल्न चाहिँ हामीलाई अलि अफ्ठ्यारो, अलिकति कठिन स्थिति देखापरेको छ । हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूले चुनावको सन्दर्भमा धेरै मतलब एउटा गम्भीरताका साथ एउटा उठाइएको विषय के थियो भने व्यवस्था बदल्यौँ तर जनताको अवस्था बदलिएन । त्यो अवस्था बदल्नको निम्ति यो प्रतिवेदनमा विशेष गरेर ९ नम्बर, १० नम्बर, १२ नम्बर, १३ नम्बरलगायतका यी बुँदाहरू जो छन् । १७, १८, २०, २२ सम्मका यी बुँदाहरू तत्कालै हामीले कार्यान्वयन गर्यौं भने हाम्रो संविधानले खोजेको समाजवादी राज्य व्यवस्था उन्मुख जो राज्यसत्ताको चाहिँ परिकल्पना गरेको छ । ..... ले यो प्रतिवदनलाई ठिक ढङ्गले कार्यान्वयन गर्न सकियो भने त्यो दिशातिर देश बढ्छ । र जनताले एउटा अनुभूति गर्छन् । ..... (समय सकिएको ) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सोनाम गेल्जेन शेर्पा ।

**(१४:१५ बजे)** **माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त म यो राष्ट्रिय सभाले एउटा उपसमिति गठन गरेर जुन किसिमको सङ्घीयता कार्यान्वयनसम्बन्धी यो अध्ययन तथा अनुगमन संसदीय एउटा समिति बनाएर चाहिँ जुन एउटा दस्तावेज ल्या'को छ । त्यसको लागि समितिका सम्पूर्ण सदस्यज्यूहरूलाई हार्दिक धन्यावद दिन चाहन्छु ।

हामी यस्तो अवस्थामा छौं । हामीले संविधान बनायौं संविधान सभाबाट तर हामीले धेरै बहस गर्यौं सङ्घीयताको बारेमा त्यही संविधान सभाभित्र दुइचोटि । दुइपटक संविधान सभाको चाहिँ बहस भो' । संविधानभित्र गर्यौं । संविधानको बहस त्यहींभित्र भयो । तर हामी यहाँ प्रतिनिधि भएर आइरहेका छौं । अब हामीले त्यो संविधानको बहस गर्नु छोडेर संविधानको कार्यान्वयनको बहस गर्न जरुरी छ । हरेक सदस्यज्यूहरू यहाँ आइपुग्नुभएको छ । र यहाँ चाहिँ जहिले पनि के हुन्छ भन्दाखेरि संविधानको बहस हुन्छ । संविधानको बहस होइन अब हामी कार्यान्वयनको बहस गरौं । यो कार्यान्वयनको बहसले हाम्रो अर्थतन्त्रदेखि लिएर, स्थिर राजनीतिदेखि लिएर, यो संघीयतादेखि लिएर सबै समस्याहरू सल्भ हुन्छ । त्यसकारण म के भन्न चाहन्छु भन्दाखेरि यो संघीयताले हाम्रो देशलाई कस्तो बनाउछ? आज हामी अधिकार खोजिरहेका छौं । यहाँ धेरै टुप्पोबाट पलाएको राजनीतिज्ञहरू पनि हुनुहुन्छ । हामी फेदबाट पलाएका राजनीतिज्ञ हौं । यो आवास सबैलाई हुन्छ कि किन सबैलाई संघीयता चाहिन्छ? हामी के खोजिरा' छौं । यो देशमा त्यसकारण संघीयता कसलाई चाहिन्छ भन्दाखेरि त्यो फेदबाट पलाएका व्यक्तिहरूलाई चाहिन्छ । त्यो गरिब जनताहरूलाई चाहिन्छ । गाउँमा बस्ने निमुखाहरूलाई चाहिन्छ । त्यसले मात्र संघीयताको चाहिँ प्रत्याभूति गर्न सक्छ ।

आज हाम्रो ड्राइभर जस्तो भइदियो भने हामीलाई जुन किसिमको संविधानको स्पिडमा अगाडि बढाउनुपर्ने ड्राइभरहरू कस्तो भइदिए भने केन्द्रीकृत मानसिकता भएका ड्राइभरहरू भइदियो । त्यसकारण हामीले यसलाई राम्रोसँग कार्यान्वयन गर्न सक्दैनौं । अथवा हामी इमान्दारिताका साथ यो सङ्घीयता प्रणालीलाई कसरी चाहिँ लागुगर्न सकिन्छ? भनेर हामी सबै दत्तचित्त भएर कार्यान्वयनतर्फ लागौं । कार्यान्वयनतर्फ बहस गरौं । यो है हाम्रो लागि योग्य हुने छ भन्ने मैले महसुस गरेको छु । र अर्कोतर्फ हामीले जुन किसिमको सहकार्य भनिरहेका छौं । सहअस्तित्व भनिरहेका छौं । समन्वय भनिराखेका छौं । सबैभन्दा मलाई के लाग्छ भन्दाखेरि यो संघीयता चाहिँ जुन किसिमको कार्यान्वयन छ । त्यसको चाहिँ बाधक नै संघीय मामिला मन्त्रालय हो जस्तो लाग्छ । किन भने हरेक प्रदेशमा, स्थानीय तहमा आफ्नो आफ्नो कानुनहरू छन् । सङ्घीय मामिला मन्त्रालयले परिपत्र गरेर ती कानुनहरूलाई उल्लङ्घन गरेर र

परिपत्र गरेर त्यो जुन किसिमको कानुनहरूको उल्लङ्घन गरेको छ । त्यसकारण संघीय मन्त्रालय यसलाई समन्वयकारी भूमिकाको रूपमा चाहिँ उपस्थित हुनुपर्छ जस्तो मलाई लागेको छ । त्यसकारण यहाँ माननीयज्यू पनि हुनुहुन्छ । त्यसै गरी सम्माननीय प्रधानमन्त्रीज्यू पनि हुनुहुन्छ । म यसतर्फ चाहिँ ध्यानआकृष्ट गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय युवराज शर्मा ।

**(१४ः१८ बजे) <u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, कडा मेहनत गरी संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन समितिद्वारा प्रस्तुत प्रतिवेदन आफैमा एउटा उत्कृष्ट दस्तावेज भन्नु अति उक्ति नहोला । त्यसैले प्रथम समितिलाई धन्यवाद दिन चाहन्छु । प्रस्तुत प्रतिवेदन सङ्घ, प्रदेश र स्थानीय सरकारलाई झकझकाएर ब्यूँताउनु दायित्व बोधसमेत गराउन अवश्य सफल हुने छ भन्ने विश्वास पनि लिएको छु । संघीयताप्रति नकारात्मक धारणा राख्नेहरूलाई गतिलो जवाफ पनि दिएको छ प्रतिवेदनले । संविधानको सपथ लिएर मन्त्री हुने तर संघीयताप्रति नकारात्मक भाव राख्ने माननीय मन्त्रीज्यूलाई यो प्रतिवेदनले प्रभाव पार्दछ वा पार्दैन हेर्न बाँकी नै छ । संघीयताको सन्दर्भमा भएका दुष्प्रभावलाई यस प्रतिवेदनले चिर्न खोजेको पनि देखिन्छ । प्रतिवेदनमा उल्लेखित राजनीजिक, प्रशासनिक र वित्तीय सुझावहरूको कार्यान्वयन आवश्यक देखिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, निर्वाचन आयोगले सङ्घ र प्रदेशको निर्वाचन बेग्ला बेग्लै गराउने नीति लिँदा संघीयतालाई बल मिल्ने देखिन्छ । यसतर्फ पनि ध्यान जाओस् भन्ने निवेदन गर्न चाहन्छु । हाम्रो देश विविधामा एकताको देश हो । त्यसैले सङ्घीयता यसको प्राण हो । त्यसलाई सबैले हृदयङ्गम गर्नुपर्दछ । त्यस्तै धर्म निरपेक्षता, जातीय, धार्मिक सहिष्णुता, समावेशिता, सङ्घीय संविधानका आभूषण हुन् । प्रतिवेदनले यसतर्फ पनि ध्यान आकृर्षित गरेको देखिन्छ । आज संविधानले तोकेको ठाउँबाहेक स्वः विवेकको समवेशिता कमै देखिन्छ । अहिले भर्खरै सरुवा भएका ४६ सिडिओमध्ये ३६ जना बाहुन छन् । के यो संयोगमात्रै हो? वा मनसाय बुझ्न सकिन्नँ । प्रमुख मन्त्रालयहरूमा पनि त्यही स्थिति छ । त्यसकारण हामीले यसतर्फ ध्यान दिन आवश्यक छ । सम्माननीय प्रधानमन्त्री पनि यही उपस्थित हुनुहुन्छ । त्यसकारण म उहाँको ध्यान पनि यसतर्फ आकर्षित गराउन चाहन्छु ।

अन्त्यमा संघीयताको छलफल कार्यान्वयनको अपेक्षा राख्दै समितिले परिश्रमपूर्वक प्रस्तुत गरेको प्रतिवेदनप्रति पुनः आभार प्रकट गर्दै बिदा लिन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय उर्मिला अर्याल ।

(१४:२० बजे) **माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, संघीयता सम्बन्धमा राष्ट्रिय सभाको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदनले धेरै कुरा समेटको छ । र त्यो कुरा चाहिँ अब सम्माननीय प्रधानमन्त्रीज्यू नै यहाँ उपस्थित भएर सुनिरहेको हुनाले पूर्ण रूपमा कार्यान्वयन हुने कुरोमा विश्वस्त हुन चाहन्छौं ।

र म यस सम्बन्धमा केही थप कुराहरू पनि वा यसकै सेरोफेरोमा रहेर केही कुराहरू राख्न चाहन्छु । हाम्रो संघीयता तीनै तह सार्वभौम स्वायत्त सरकार भनेर बुझ्नुपर्दछ । बुझिएको छ र त्यसकारणले यी एक अर्कामा प्रतिस्पर्धी, सहयोगी र सहकार्यमा पनि सँगै काम गर्ने प्रचलन रहेको छ । र अझै सबै सरकार आफैमा स्वायत्त र सरकार सौद्धान्तिक रूपले अन्तरसम्बन्धित छन् । तीनै तहका सरकारले आफ्नो कार्य कुशलता, सरकारको कार्यसम्पादन, दिगोपना, स्थायित्व, पुँजी निर्माणको काममा सम्पादन गर्नु जरुरी देखिन्छ । जनताले तीनै तहबाट प्रभावकारी कार्यान्वयन र कार्यसम्पादनको अपेक्षा राखेका हुन्छन् । प्रभावकारिता र संघीयताबाट जनताले गरेको अपेक्षा पूरा गर्न संघीयता कार्यान्वयनको लागि समाजवादी सोच उन्मुख अथवा सोसियलिस्ट ओरिन्टेसन भयो कि भएन? भन्ने कुरा हामीले हेक्का राखेर हेरिराख्नुपर्ने देखिन्छ । बहुलवादी र समावेशी प्रतिनिधित्व हुन सक्यो कि सकेन? केबल कुलिल परिवारको दबदबा र हरेक तहमा रजौटाहरूको दबदबा घटाउन सकियो कि सकिएन? यी मूल प्रश्न समाधान गर्न अझै केही बाँकी छन् ।

अहिले समावेशीकरण, वर्गीयताभन्दा पनि सम्प्रदायिकता बढी ..... भएको देखिन्छ । जातमा बढी वर्गीय पक्षधरता कम भएको देखिन्छ । किसान, श्रमिक, औधोगिक श्रमिकहरूको औधिकरणमा संलग्नता कम देखिन्छ । किसानहरूको उद्योगमा सहभागिताले मोमेन्टम लिन सकेको छैन । सङ्घ र प्रदेश सदनमा व्यापारिक घरानाको प्रतिनिधित्व भए पनि श्रमिकहरू, किसानहरू प्रतिनिधित्व हुन सकेन । तसर्थ संविधानको कार्यान्वयनको तहमा समाजवाद उन्मुख भने पनि कार्यान्वयन पक्षमा भने कमजोर देखिएको छ ।

राज्यको अङ्गहरूबिच शक्ति पृथकीकरण र अन्तरसम्बन्धहरू भत्केको अवस्था छ । सरकार, संसद, न्यायलयबिच अब समष्टिगत कारण सन्तुलितसम्बन्ध व्यवस्थित हुन सकेको छैन । सर्वोच्च अदालतमा थुप्रै मुद्दाहरू पेन्डिङ रहने । न्याय पाउन दशकौं लाग्ने । बेच्न नै

बाई हुने अथवा किनबेच हुने । जस्तो यस्तो अवस्थामा कसरी जवाफदेही बनाउने भन्ने कुरो प्रमुख हो र । प्रधानन्यायाधीशले तयार पारेको प्रतिवेदन मलाई लाग्छ सम्माननीय राष्ट्रपतिजयूले बुझ्नुहुन्छ । हाम्रो संसदमा त्यस बारेमा छलफल गर्ने चलन छैन । छलफल गराउनुपर्छ ।

नेस्नल एकाउन्ट, राष्ट्रिय लेखा प्रणाली पालिकाहरूको कुल गाहस्र्थ्य उत्पादन कति हो? प्रदेशको कति हो? पालिकाहरूको प्रतिव्यक्ति आम्दानी कति हो? प्रदेशमा कति छ? बजेट देखिन्छ? राष्ट्रिय उत्पादनमा कति बृद्धि भयो? प्रश्न उत्तर आउन जरूरी छ । केन्द्रीय तथ्याङ्क विभाग जस्तै गाउँपालिकाहरूमा पनि राष्ट्रिय तथ्याङ्क कार्यालय हुन जरूरी देखिन्छ । प्रदेश, पालिका सबैमा । सम्भाव्य आम्दानीको स्रोतहरू थाहा पाउन जरूरी छ । अनि यो दिगो विकास लक्ष्यलाई हामीले स्थानीयकरण ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय इन्दिरा देवी गौतम ।

(१४:२४ बजे) **माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, संघीयता कार्यान्वयनका सवालमा हामी पहिलो अनुभव र प्रयास गरिरहेका छौं । केन्द्रमा केन्द्रित अधिकारको बाडँफाँट गर्दै प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउँदै । स्थानीय स्रोत र साधनको पहिचान र सही उपयोग गरी जनतालाई सरल, सुलभ, सहज सेवा सुविधा दिन र आफ्नो ठाउँको विकास र समृद्धिमा सम्बन्धित निकायको जिम्मेवारी र जवाफदेहिता रहोस् । भन्ने उद्देश्यले हामीले सङ्घीयताका व्यवस्था गरेका हौं । यसलाई आत्मसात् गरेर कार्यान्वयनमा जानु सम्बन्धित सबैको जिम्मेवारी हो । संघीयतालाई कार्यान्वयन गर्दै गर्दा केही सुधारका लागि पहल गर्न आवश्यक देखिएको छ ।

सङ्घीय निजामती ऐन नबन्दा कर्मचारी परिचालमा समस्या देखिएको छ । कतै आवश्यकभन्दा बढी कर्मचारी छन् । कतै दक्ष कर्मचारीको अभाव रहेको छ । प्रदेशहरूले आफू आफू प्रदेश निजामती सेवा ऐन जारी गर्दा प्रशासनिक प्रणालीमा एकरूपता नहुने स्थिति रहेको हुनाले आवश्यक ऐन तुरून्त बनाउन पर्ने देखिन्छ । प्रदेशमा आवश्यकताभन्दा बढी सङ्ख्यामा मन्त्रालयहरू र मन्त्रीहरू बनाएर सामन्ती शैलीको तामझाम र रवाफले देशलाई आर्थिक भार थपेको छ । यसमा सबैले मितव्ययिता अपनाउन आवश्यक रहेको छ । सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वयको अभावको कारण उत्पन्न समस्याको दिगो समाधान दिन जरूरी छ ।

त्यसै गरी एक मन्त्रालय र अर्को सरोकारवाला मन्त्रालयको पनि समन्वयको अभावका कारण सरकारको कामको गतिमा ढिलासुस्ती कामको दोहोरो तेहोरो खर्चले अपारदर्शिताको सृजना गर्दछ । यसले संघीयताका बारेमा प्रश्न उठ्न थालेको छ । सम्माननीय अध्यक्ष महोदय, यसरी प्रश्न उठ्न नदिन संघीयतालाई अपनत्व भावना जगाउने गरी समानता र समावेशी बनाउँदै जान पहल गरियोस् । यो प्रतिवेदनले अगाडि सारेका विषयहरूलाई कार्यान्वयन गराउन सकिए संघीयताको एक हदसम्म माग पूरा गर्न सकिने थियो । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय अनिता देवकोटा ।

**(१४:२७ बजे) <u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, संघीयता कार्यान्वयन अध्ययन अनुगमन समितिको प्रतिवेदनमाथि हामी छलफल जुटेका छौं । राष्ट्रिय सभा संघीयताको प्रतीक हो । स्थानीय तह र प्रदेशबाट निर्वाचित राष्ट्रिय सभाले संघीयता कार्यान्वयनमा विशेष ध्यान दिनुपर्छ भन्ने मर्मका साथ अध्ययन, अनुगमन समितिले एउटा सङ्कल्प प्रस्ताव यहाँ पेस भयो । त्यसअन्तर्गत हामीले एउटा सर्वदलीय, सर्वपक्षीय समिति गठन गरेर खिमलाल देवकोटाको संयोजकत्त्वमा समिति गठन भयो । र त्यो समितिले प्रतिवेदन अत्यन्त महत्त्वका साथ, अत्यन्त गम्भीरताका साथ सातओटै प्रदेशमा गएर छलफल गरेर प्रतिवेदन यहाँ बुझाएको छ । त्यसैले बादे बादे जामते तत्व बोध छलफलका माध्यमबाट वास्तविक कुराको तत्व बोध हुन्छ भन्ने कुरालाई लिएर संघीयता संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रिक शासन व्यवस्थाको माध्यमबाट मुलुकमा दिगो शान्ति सुशासन र समृद्धिको आकाङ्क्षा पूरा गर्ने सङ्कल्प गरेको छ । सङ्घीय शासन प्रणालीको सफल कार्यान्वयनबाट नै मुलुकको घोषित लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने हामीलाई लागेको छ ।

तर सम्माननीय अध्यक्षज्यू, अहिले सङ्घ, प्रदेश र स्थानीय तहको जुन अन्तरसम्बन्धका कुराहरू छन् । संविधानमा प्रदत्त गरेका अनुसूचीहरूको एकल अधिकार र साझा अधिकारका बारेमा पनि प्रदेश र स्थानीय तह प्रष्ट भइरहेको अवस्था देखिँदैन । सङ्घले हाम्रा अधिकारहरू अतिक्रमण गर्छ कि भनेर भयभीत रूपमा अहिले बसिरहेको अवस्था छ । म सम्माननीय अध्यक्षज्यूमार्फत केही ध्यानाआकर्षण गराउन चाहन्छु भने अहिलेका प्रधानमन्त्री सशस्त्र द्वन्द्वको नेतृत्वकर्ता र शान्ति प्रक्रियाको हस्ताक्षरकर्ता पनि हुनुहुन्छ । र भर्खरै कानुन मन्त्रीले प्राइम टेलिभिजनका माध्यबाट संघीयता खारेज गर्नुपर्छ भनेर बोल्नुभायो । अब यो संघीयताप्रतिको धारण के हो? सरकारकै मन्त्रीले खारेज गर्नुपर्छ भनेर बोलिरहँदाखेरि संघीयता कार्यान्वयन हुन्छ

भन्ने कुरामा हामी कति विश्वस्त हुने हो? त्यसैले म सरकारको स्पष्ट धारणा स्पष्ट माग्न चाहन्छु । हामी सिंहदरबारको अधिकार गाउँसम्म भन्यौं । तर अधिकार अहिले केन्द्रीकृत छन् । एकात्मक छन् । त्योअनुसारको अझै पनि नियम, कानुनहरू निर्माण हुन सकेका छैनन् । संविधानले प्रदत्त गरेका अधिकारहरूलाई समयमै कानुन नबन्दाखेरि जस्तैः प्रधानमन्त्री समन्वय परिषद्को अध्यक्ष रहने एउटा समन्वय परिषद्को परिकल्पना गर्या छ संविधानले त्यसको पनि अहिलेसम्म गठन भा'को अवस्था छैन् । त्यसैले संविधानले प्रदत्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनको लागि सरकारको दृष्टिकोण नै अस्पष्ट छ । सरकारै यो संघीयता लोकतान्त्रिक गणतन्त्र धरासयी बनाउन उद्दत छ भन्ने मलाई लाग्छ । त्यसैले म प्रधानमन्त्रीसँग सरकारको धारणा के हो? सरकारका कानुन मन्त्रीहरूले त्यसो बोलिरहँदा ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय गंगा कुमारी वेलबासे ।

(१४:२९ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्षज्यू, संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले जुन ४ महिना लगाएर प्रतिवेदन पेस गर्यो । आज ७ महिनाको बिचमा हामी ठिक ७ महिनामा यो छलफलमा बसिराखेका छौं । हामीले संघीयता कसरी कार्यान्वयन भइराखेको छ? र यसका समस्याहरू कसरी के समस्याहरू छन् भन्ने हिसाबले चाहिँ यो समिति गठन गरेका हौं । यसमा धेरै कोइस्चनहरू उठेको त होइन । तर कार्यान्वयनमा केही चाहिँ समस्याहरू देखा परे । यो असाध्यै खर्चिलो भयो । यहाँ चाहिँ यो विभिन्न खालको चाहिँ विषयहरू उठिसकेपछि यो राष्ट्रिय सभाले यसलाई अनुगमन गरौं भनेर यो विशेष समिति एक मतले निर्माण गर्यो । र यसले सातैओटा प्रदेशमा गएर र विभिन्न तह तप्कासँग छलफल गरेर जुन प्रतिवेदन अहिले यहाँ आइपुगेको छ । यसले उठाएका विषयहरू एकदमै मिहिन ढङ्गका छन् । मसिना ढङ्गले चाहिँ यहाँ विषयहरू उठेका छन् । यसलाई कार्यान्वयन गर्दाखेरि हामी धेरै ठाउँमा सङ्घीयतालाई लागु गर्नका लागि सफल हुन्छौं भन्ने कुरा म विश्वास राख्दै यो समितिलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अर्को कुरा हामी जाँदै गर्दाखेरि छलफल गर्दै गर्दाखेरि सबैभन्दा समस्याको रूपमा देखापरेको भनेको कर्मचारीको कार्यविभाजन समायोजन रहेको थियो । अहिले पनि कर्णालीमा करिब हजार जति सिटहरू खाली छन् । कर्मचारीहरू त्यहाँ स्थिर ढङ्गले नबस्ने समस्याहरू छन्

भने अर्कोतिर पालिकाहरूले कार्यकारी खोज्दै काठमाडौं धाउने समस्या छ । जनताहरू र अधिकार आफ्नो सुरक्षा खोज्दै प्रदेश सरकारसँग गइराखेका छन् भने कार्यकारीहरू खोज्दै पालिकाका प्रमुखहरू चाहिँ सङ्घमा धाउने यस्तै समस्याहरू छ । र यसमा समावेशीताका धेरै कुराहरू उठेका छन् । र यो चाहिँ प्रदेश सरकार र स्थानीय सरकारका साझा अधिकारका कुराहरू अलि समस्यामा परेका छन् । संविधानमा भएको समाजवाद उन्मुख किसिमले चाहिँ नीति कार्यक्रमहरू लागु गर्ने कुरा केही समस्याहरू भएको छ । यसरी हेर्दाखेरि हामीले अहिले तयार गरेको र यहाँ छलफल गरिराखेको प्रतिवेदन लागु गर्नका लागि सरकारले तीनै तहको सरकारले र ती विभिन्न ठाउँमा जिम्मेवारी भएका निकायहरूले ध्यानदिनुपर्ने र हामीलाई पनि एउटा कर्तव्यबोध बनाएको छ भन्दै मेरो भनाइ यहीँ अन्त गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू "संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१४:३३ बजे) **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"**:- सम्माननीय अध्यक्षज्यू, आज संघीय संसद, राष्ट्रिय सभा, संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले नेपाल सरकार र सरोकारवाल निकायलाई कार्यान्वयनका लागि ०७९ कार्तिक महिनामा दिएका सिफारिसहरूलाई नेपाल सरकारले उच्च महत्त्व दिएको कुरा म प्रष्ट गर्न चाहन्छु सबभन्दा पहिला त म सम्माननीय अध्यक्षज्यूलगायत यो विशेष समितिका सबै पदाधिकारी र राष्ट्रिय सभाका सबै माननीय सदस्यहरूलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । तपाईंहरूले राष्ट्रिय सभाबाट हाम्रो संविधानको सबैभन्दा महत्त्वपूर्ण, सबैभन्दा संवेदनशील र सबैभन्दा बढी कार्यान्वयनको निम्ति आवश्यक भएको मुद्दामा छलफल गरेर विशेष समिति बनाउने सातओटै प्रदेशमा गएर सम्बन्धित र सरोकारवालासँग संवाद अन्तरक्रिया गर्ने र त्यसको आधारमा एउटा प्रतिवेदन तयार गर्ने जे काम गर्नुभएको छ । त्यसको लागि तपाईंहरू सबै धन्यवादको पात्र हुनुभएको छ ।

अहिले मैले लामो व्यख्या गर्नेभन्दा पनि धेरै ठुलो मात्रमा अहिले संघीयताको विषय सैद्धान्तिक रूपमा विमतिका रूपमा उठेको त छैन । तर यस बारे कार्यान्वयनमा भएको कमी

ढिलाइ या त्यसप्रति अरुचीको प्रवृत्ति जो देखा पर्न थालेको छ । त्यो कार्यान्वयनप्रतिको अरुचीको कारणले कता कता जनतामा आशङ्का पैदा हुने र सुरुदेखि नै संघीय लोकतान्त्रिक गणतन्त्र विरोधी प्रवृत्तिलाई बढवा दिने काम चाहिँ पक्कै पनि हुन थालेको छ । यस्तो परिस्थितिमा कहीँ न कहीँबाट हामीले संविधानको यो मूल मर्म र भावना बोकेको संघीयताको प्रश्नमा अध्ययन गर्नै पर्थ्यो । एउटा निष्कर्षमा फेरि पुग्नै पर्थ्यो र कार्यान्वयनमा रहेका कमी, कमजोरीहरूलाई हटाएर त्यहाँ एउटा नयाँ गति दिनै पर्थ्यो । त्यसको सुरुआत तपाईंहरूले गर्नुभएको छ । म सरकारको तर्फबाट यसलाई कार्यान्वयन गर्न सम्पूर्ण रूपले अगाडि बढ्ने विश्वास तपाईंहरूलाई दिलाउन चाहन्छु ।

र मलाई के लाग्छ भने संघीय लोकतन्त्रिक गणतन्त्र र समावेशी समानुपातिक लोकतन्त्र जो हाम्रो नयाँ संविधानका केही मूलभूत विशेषताभित्र पर्दछन् । र यो धेरै ठुलो सङ्घर्ष र बलिदानपछि प्राप्त भएको उपलब्धि हो भनेर नेपाली जनताले र हामी सबैले संविधान सभामार्फत स्वीकार गरिएको कुरा हो । हामीलाई यो पनि थाहा भएकै कुरा हो । कि सुरुदेखि नै संघीयताको बारेमा समावेशी र समानुपातिक लोकतन्त्रको बारेमा र गणतन्त्रको बारेमा पनि विवाद, विमति र बहस चल्दै आएको कुरा हो । सर्वसम्मत रूपमा एकात्मकताको ठाउँमा सङ्घात्मकता राजतन्त्रको ठाउँमा गणतन्त्र र अनि सबै उत्पीडित वर्ग समुदायको समावेशी समानुपातिक प्रतिनिधित्वमा एक मत राजनीतिक वृत्तमा पनि भएको होइन । समाजमा पनि एक मत भएको होइन । बहुसङ्ख्यक जनताले र आन्दोलनको बलमा धेरै नेपालीहरूको बलिदानपछि एउटा यस्तो राजनीतिक माहोल बन्यो अन्ततः संविधान सभा र संघीय लोकतान्त्रिक गणतन्त्रमा जाने कुरामा राजनीतिक वृत्तमा झन्डै झन्डै सर्वसम्मत जस्तै देखा पर्यो तर अहिले संविधान कार्यान्वयनको यो असाध्ये महत्त्वपूर्ण चरणमा अगाडि बढ्दै गर्दा फेरि एकचोटि ती विषय जो हामीले औपचारिक ढङ्गले वैधानिक ढङ्गले र जनताको बलमा आन्दोलनको बलमा स्थापित गरिएका हुन् । वैधानिक रूपले स्थापित गरिएका हुन ती विषयमाथि नै कहीँ न कहीँ कुनै न कुनै एङ्गलबाट प्रश्न उठाउने जमर्को भएको छ । मलाई, हुनत मैले त त्यो कुरा प्रत्यक्ष हेरेको पनि होइन । थाहा पाएको पनि थिइन । हाम्रो मेरै क्याबिनेटको एक जना मन्त्रीले नै संघीयता खारेज गर्नुपर्छ भन्नुभयो भनेर यहाँ सुनाउनुभो' माननीय सदस्यले मेरो गम्भीर ध्यानाकर्षण भएको छ । यो स्पष्टीकरणको विषय हुन्छ । मन्त्री मण्डलभन्दा बाहिर गर आफ्नो कुरा राख्ने अधिकार सबै राजनीतिक दललाई पनि माननीय सदस्यलाई पनि हुन्छ तर मन्त्रीमण्डलभित्र बसेर सङ्घीयताको विरुद्ध, लोकतान्त्रिक गणतन्त्रका विरुद्ध बोल्ने या प्रचार गर्ने अधिकार नैतिक रूपले पनि कानुनी रूपले पनि हुन सक्दैन र यो स्पष्टीकरणको विषय हुन्छ भन्ने कुरा पनि म यो राष्ट्रिय

सभाको सम्मानित सदनलाई स्पष्ट गर्न चाहन्छु । त्यसकारणले मेरो पहिलो यहाँ भनाइ के छ भने दुइटा आउटलुक दुइटा विश्व दृष्टिकोण जस्तो संघीयताको बारेमा रहँदै आएका थिए । संघीय लोकतन्त्रिक गणतन्त्रको बारेमा रहँदै आएका थिए तर हामीले संविधान सभाबाट त्यसको निरुपण गरिसकेको विषय हो । त्यसकारण यो निरुपण गरिसकेको विषयमा हामीले कार्यान्वयनको महत्त्वपूर्ण चरणमा यसलाई कार्यान्वयनलाई कमजोर पर्ने कुनै पनि प्रयत्न नैतिक र राजनीतिक दुवै दृष्टिकोणले उचित हुँदैन भन्ने म ठान्दछु ।

अब अहिले संघीयता कार्यान्वयनका सन्दर्भमा जो प्रतिवेदन यहाँबाट प्रस्तुत भएर आज मैले छलफल पनि सुन्ने अवसर पाएँ माननीय सदस्यहरूले जसरी विषयहरू उठाउनुभएको छ । मलाई खुसी लागेको छ । र यसले प्रतिनिधि सभातिर पनि र सरकारलाई पनि गम्भीर ध्यानाकर्षण गराएकै छ । सिङ्गै देश र आम नेपाली जनतालाई पनि गराएकै छ । हामीले खोजेको संविधानले खोजेको आन्दोलनले खोजेको हाम्रा हजारौं सहिद र बलिदान गर्ने बेपत्ता भएका थुप्रै थुप्रै मानिसहरूले खोजेको देखेको सपना खोजेको भनेको अधिकारको बाँडफाँट हो । शक्तिको बाँडफाँट हो । साधन स्रोतको समुचित बाँडफाँट हो । संघीयताको मर्म भनेकै त्यही हो । शक्ति र साधनको समुचित बाँडफाँट । अनि लोकतान्त्रिक प्रणालीमा देशका सबै वर्ग समुदायको समुचित प्रतिनिधित्व प्रणाली खोजेको त्यो हो । असाध्यै केन्द्रीकृत राज्यको ठाउँमा हामीले प्रदेश र स्थानीय तहलाई पनि सरकारको मान्यता दिएर सरकारले पाउनुपर्ने हैसियत र त्यसको शक्ति र साधनको बाँडफाँटको कुरा पनि संविधानमा नै व्यवस्था गरेर स्पष्ट गरिएको अवस्था हो । हामीले एकातिर संघीयताको सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय तहको शक्ति र साधनको बाँडफाँटको कुरालाई संविधानमा नै व्यवस्था गरेका छौं भने । अर्कोतिर मौलिक अधिकारमा नेपाली जनताले शिक्षा, स्वस्थ, रोजगारी, खाद्य सम्प्रभुता जस्ता विषय मौलिक अधिकार भनेर किटानी गरिएको छ र कसैले पनि आर्थिक अभावले स्वस्थ सेवा प्राप्त गर्नबाट वञ्चित हुने छैनन् । अन्य कुनै कारणले शिक्षा प्राप्त गर्ने अधिकारबाट वञ्चित हुने छैनन् र प्रत्येक नेपालीलाई रोजगारीको अधिकार हुने छ । र कुनै पनि कारणले उनीहरूले बेरोजगार हुनुपर्ने स्थिति हुने छैन भन्ने संविधानको मर्म हो । तर बिडम्बना के भएको छ भने यसबिचमा हामीले संघीय निजामती ऐन जो संघीयता कार्यान्वयनको निम्ति अत्यन्त महत्त्वपूर्ण र भन्ने नै हो भने रणनीतिक रूपले निर्णयक विषय भन्न पनि सकिन्छ ।

साँच्चै हामी संघीयताप्रति इमानदार भएर कार्यान्वयनतिर जाँदै छौं कि छैनौं? भन्ने कुराको चाहिँ निधो गर्ने ऐन हो त्यो संघीय निजामती ऐन राजनीतिमा त सङ्घर्ष र आन्दोलन र बलिदानका कारणले ठुलठुला परिवर्तन घोषणा भए तर हाम्रो कर्मचारीतन्त्र त्यही राजनीतिक

परिणाम अनुकूल त्यही राजनीतिक परिवर्तन अनुकूल परिवर्तन भयो कि भएन? त्यो राजनीतिक परिवर्तनलाई आत्मसात् गर्ने गरी अगाडि जान तयार छ कि छैन? भन्ने कुरा निधो गर्ने असाध्यै महत्त्वपूर्ण विषय संघीय निजामती ऐन हो । त्यस्तै त्यसैसँग जोडिएको सङ्घीय शिक्षा ऐन पनि हो । अनि प्रहरी समायोजन ऐन पनि हो सरकार भनिसकेपछि सरकारसँग आर्थिक अधिकार पनि राजनीतिक अधिकार पनि सुरक्षाको अधिकार पनि केन्द्रित भएन भने त्यो सरकार सरकार हुँदैन । भन्नको लागि सरकार गर्नको लागि त्यो एउटा सामान्य इकाइ जस्तो मात्रै केन्द्रको इकाइ जस्तो मात्रै भएर जस्तो मात्रै बस्छ ।

प्रदेश सरकार र स्थानीय सरकार भनेका केन्द्रका इकाइ होइनन् । तिनका आफ्ना केही स्वायत् अधिकारहरू छन् । स्वतन्त्र अधिकारहरू पनि छन् र ती एक अर्कासँग जोडिएका पनि छन् । एक अर्कासँग समन्वयमा चल्नुपर्ने आवश्यकता पनि हुन्छ संघीयताको मर्म भनेको त्यही नै हो । तर संघीय निजामती ऐन बनेर सदनमा प्रस्तुत भएर पनि त्यो फेरि फिर्ता गएर बसेको छ । र त्यसलाई अगाडि बढाउनुपर्ने आवश्यकता टड्कारो आवश्यकता साँच्चै संघीयतालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने हो भने संघीय निजामती ऐन, संघीय शिक्षा ऐन, प्रहरी समायोजन ऐन र अन्य मौलिक अधिकारसँग सम्बन्धित विषयका पनि ऐनहरू बनाउने र त्यसलाई कार्यान्वयन गर्दा मात्रै बल्ल जनताले र परिवर्तनकारी शक्तिले पनि संघीयता भनेको कति ठुलो कुरा रहेछ जनताको लागि, राष्ट्रको लागि विकासको लागि समृद्धिको लागि भन्ने अनुभूत हुने वातावरण बन्न सक्छ । ऐन चाहिँ बन्न नसक्ने, बन्न नदिइने अनि अधिकार जति केन्द्रमै ल्याउन उद्दत भैराख्ने सबै मन्त्रालयहरू पनि संघीय सरकारका मन्त्रालय प्रदेशका अधिकार पनि स्थानीय तहका अधिकार पनि सकेसम्म केन्द्रमै ल्याउन रुचि देखाउने त्यसको निम्ति वातावरण बनाउन कोसिस गर्ने भयो र ऐन बनाउने कुरामा अरुचि रही नै राख्यो भने कुनै दिन स्थिति अलिक डर लाग्दो हुन पनि सक्छ । त्यसकारण म माननीय सदस्यहरूलाई यो विषयमा गम्भीरतापूर्वक छलफलको वातावरण बनेको र सरकारको ध्यानाकर्षण गराएकोमा धन्यवाद दिँदै मैले के भन्न चाहन्छु भने म आफै संघीय लोकतान्त्रिक गणतन्त्रको पहिलो प्रधानमन्त्रीको रूपमा संविधान निर्माण प्रक्रियामा सक्रिय सहभागी भएको शान्ति प्रक्रियाको एउटा हस्ताक्षरकर्ता पनि भएको र संघीय लोकतान्त्रिक गणतन्त्रको एउटा प्रमुख वाहकमध्ये पनि भएको र अहिले गर्दै जाँदा म तेस्रोपटक कार्यकारी भूमिकामा प्रधानमन्त्रीको भूमिकामा छु । र मलाई के लागेको छ भने मैले भनेको सायद माननीय सदस्यहरूले विभिन्न सञ्चार माध्यमबाट सुन्नुभएको छ । मेरो लागि यो चुनौतीपूर्ण अवसर हो । संघीय लोकतान्त्रिक गणतन्त्र समावेशी समानुपातिकता कार्यान्वयन गर्ने ..... म नै यसको, यो परिवर्तनको निम्ति प्रमुख भूमिका खेल्ने अवसर प्राप्त गरेको क्रान्ति,

आन्दोलनको नेतृत्व गरेको शान्ति सम्झौताको पनि नेतृत्व गरेको नाताले संविधान सभामा यो संघीयता लोकतन्त्र, गणतन्त्र, समावेशिता, समानुपातिकता सबै उत्पीडित वर्ग समुदायको अधिकारको सबभन्दा बढी पक्ष पोषण गर्ने र प्रवक्ता भएको नाताले पनि मेरो यो प्रधानमन्त्रीको काल एउटा चुनौतीपूर्ण अवसर हो मैले र माननीय सदस्यहरूलाई थाहा छ । मैले चाहे सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा पनि यो विषयलाई उच्च प्राथमिकताको साथ उठाइएको छ । मैले प्रतिनिधि सभामा विश्वासको मत लिने क्रममा पनि मैले गम्भीर ढङ्गले नै यो विषयलाई त्यहाँ प्रस्तुत गरेको छु । र मैले नेपाल सरकारका सबै सचिवहरूलाई निर्देशन दिने क्रममा पनि यो विषयलाई गम्भीर ढङ्गले उठाएको छु र मैले यसै सदनबाट यही प्रक्रियाभित्रै संघीय निजामती ऐन र अन्य सबै ऐनहरूलाई योसँग सम्बन्धित ऐनहरूलाई अगाडि बढाउने कमिटमेन्ट गरेको छु । र म यो सम्मानित राष्ट्रिय सभालाई पनि सम्माननीय अध्यक्षज्यू, म आफ्नो तर्फबाट प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

त्यस्तै गरी संविधानमा यहाँ प्रश्न उठ्यो हामीले धेरै मेहेनत गरेर धेरै छलफल गरेर अन्ततः त्यहाँ सहमति बनाएकोमा स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र पनि छ । संविधानमा त्यसको व्यवस्था पनि छ । तर ऐनको अभावमा ती चिजहरू अगाडि बढेका छैनन् । त्यसकारण ती चिजहरू या त हामीलाई त्यो उचित लाएको छैन भने हाम्रो प्रतिनिधि सभाले या राष्ट्रिय सभाले हाम्रो संघीय संसदले संविधान संशोधन गर्न सक्छ । संविधान संशोधनको अधिकार छ । त्यो संविधानले नै दिएको छ । परिमार्जनको अधिकार संशोधनको अधिकार । होइन, हामीले त्यस्तो महसुस गर्दैनौं र संविधानमा त्यो व्यवस्था छ भने त्यसलाई पनि ऐन बनाएर अगाडि बढाउन जरुरी छ । त्यसले मात्रै नेपालका कतिपय लोपउन्मुख समुदायको पनि कतिपय त्यस्ता विशेष क्षेत्रका जनताको विशेषता म अस्ति भर्खर गोर्खाको असाध्यै दुर्गम ठाउँमा गएँ । त्यहाँको भूगोल त्यहाँको जनताको बसोबासको स्थिति त्यहाँको उत्पादनको प्रकृति त्यहाँको संस्कृति हेर्दाखेरि ती चाहिँ गण्डकी प्रदेश जस्ता लाग्दैनन् । भन्न त गण्डकी प्रदेशअन्तर्गत गोर्खा जिल्लामा छ । तर त्यहाँ हेर्दा तिनीहरूको आफ्नो विशेष क्षेत्र हो भन्ने कुरा प्रष्ट झल्किन्छ । त्यस्ता ठाउँहरू या शेर्पा या अरू कम्युनिटीहरूको पनि त्यस्तो क्षेत्र भयो भने जति सक्रियताको साथ विकास निर्माणको कामले गति लिन सक्छ अरू हुन सक्दैन । त्यसकारण यो विषयमा पनि नेपाल सरकारको अहिलेको र मेरो ध्यान छ । म यो कुरा पनि राख्न चाहन्छु ।

र अब संघीयता बारे प्रश्न उठाउने एउटा आधार संघीयता विरोधी प्रवृत्तिका मानिसहरूलाई केले दिएको छ भने हाम्रो खर्चिलो र भड्किलो भयो प्रदेश मन्त्रीहरू पनि बढाउँदै

लैजाने खर्च पनि बढाउँदै लैजाने जस्तो क्रियाकलाप जो देखियो विगतमा त्योकारणले मानिसहरूलाई यो बेकारमा यो प्रदेशले गर्दा खर्च मात्रै बढ्यो भन्नलाई भन्नेहरूलाई चाहिँ मलजल गर्ने काम गरेको छ । मेरो नेतृत्वको सरकार अहिले बनिसकेपछि हामीले बढो दृढताका साथ भनेका छौँ । १० प्रतिशतभन्दा बढी मन्त्री बनाइने छैन मन्त्री घटाउने एउटा मन्त्री घटाउँदा करडौँको बचत हुन्छ । हामीले अहिले यो सरकारका साझेदारहरूमा सर्वसम्मत बनाएर नै मन्त्रालय घटाउने, प्रदेशको खर्च घटाउने र विकासका कामलाई र ऐनलाई अगाडि बढाएर कार्यान्वयनलाई चाहिँ जनतालाई देख्ने र बुझ्ने गरी गति दिने भन्नेमा हामी गई नै सकेका छौँ र त्यो देखिसकेको छ मलाई लाग्छ आउने दिनमा यसले सङ्घप्रति उठेका प्रश्नहरूको जवाफ दिने क्रम पनि सुरु हुने छ भन्ने मैले ठानेको छु । मैले अब धेरै अहिले बोल्नुभन्दा पनि तपाईंहरूले तयार पारेको प्रतिवेदनले नेपाल सरकारलाई संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनमा समावेशी समानुपातिकता कार्यान्वयनमा धेरै ठुलो मद्दत गरेको छ । फेरि एकचोटि सम्माननीय अध्यक्षज्यू, यो राष्ट्रिय सभाबाट भएको पहललाई हृदयदेखि धन्यवाद दिँदै यसलाई कार्यान्वयन गर्ने प्रतिबद्धतासहित बिदा हुन्छु । धन्यवाद । अभिवादन ।

(१४:५१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले आफ्नो कार्यदिशबमोजिमको कार्य सम्पन्न गरी मिति २०७९ कार्तिक १७ गते अधिवेशन चालु नरहेको हुनाले राष्ट्रिय सभाको अध्यक्षको हैसियतले मैले प्रतिवेदन बुझ्दै नेपाल सरकारलगायत सम्बद्ध निकायलाई प्रतिवेदनको सिफारिस खण्ड कार्यान्वयन गर्न निर्देशन दिइसकेको छु । उक्त प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरी आवधिक रूपमा सभासमक्ष प्रगति विवरण पेस गर्न निर्देशन गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री शिशिर खनाललाई "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१४:५३ बजे) **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री शिशिर खनाल**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त यस सम्मानित र विद्वता सभामा न निर्वाचित भएर आएपछि

पहिलोपटक सम्बोधन गर्दै गर्दा काठमाडौं क्षेत्र नम्बर ६ का बासिन्दा र मतदातालाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै लोकतन्त्र स्थापित गर्न बलिदान गर्न दिनुहुने ज्ञात अज्ञात सहिदहरूलाई श्रद्धा अर्पण गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री शिशिर खनालले प्रस्तुत गर्नुभएको "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ ।

यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँग बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

(१४:५३ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, नेपालको संविधानको धारा ५१ मा राज्यको नीतिसम्बन्धी व्यवस्थाअन्तर्गत अन्तरविधात्मक अवधारणा लिवर आर्टसँग सम्बन्धित विधामा गैरसरकारी क्षेत्रको सार्वजनिक विश्वविद्यालय अध्ययन अध्यापन तथा अनुसन्धान हुँदा मुलुकको समृद्धिको लागि आवश्यक पर्ने नैतिक मूल्य मान्यताप्रति प्रतिबद्ध उच्चस्तरीय जनशक्ति उपलब्ध हुन जाने भएकोले प्रस्तुत नेपाली सुविधा सम्बन्धित व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा अहिले पेस भएको छ ।

हाम्रा नेपालका विश्वविद्यालयहरू जुन छन् तिनीलाई अझ बढी व्यवस्थित गर्नुपर्ने एकातिर अर्को आवश्यकता छ भने निजी विश्वविद्यालय र सामुदायिक विश्वविद्यालयबिचमा प्रतिस्पर्धा हुने हुँदा गुणात्मक रूपमा विश्वविद्यालयले अपेक्षाकृत रूपमा अझ बढी परिमार्जित र परिष्कृत हुने हुँदा यो विश्वविद्यालय आवश्यक छ भन्ने मलाई लाग्दछ भएका विश्वविद्यालयहरूलाई व्यवस्थित गर्ने र अब यो नेपाल विश्वविद्यालयले गैरसरकारी विश्वविद्यालयको रूपमा उपत्यकाबाहिर पनि विश्वविद्यालय स्थापना गर्ने जुन कन्सेप्टका साथ जुन अवधारणा लिवर आर्टका आधारमा जुन अवधारणा ल्याएको छ । यसले सामुदायिक विश्वविद्यालय र निजी विश्वविद्यालयको बिचमा

प्रतिस्पर्धा हुन्छ । उदार आर्टका आधारमा अगाडि बढ्न प्रेरित हुन्छन् र अब हामी राम्रो काम गर्नुपर्छ गुणात्मक रूपमा अगाडि बढ्नुपर्छ भन्ने मान्यताको विकास हुन्छ भन्ने हिसाबले नेपाल सरकारले ल्याएको छ यसलाई अगाडि बढाउन आवश्यक छ भन्ने मलाई लाग्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१४:५५ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, "नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत माननीय मन्त्रीज्यूले प्रस्तुत नेपाल विश्वविद्यालय विधेयक, २०७९ को विचार गरियोस्" भन्ने प्रस्तावमाथि हामी सैद्धान्तिक छलफलमा छौं । यो नयाँ परिस्थितिमा नयाँ विधेयक आ'को छ । म यसको स्वागत गर्न चाहन्छु र यो विधेयकको प्रस्तावनामा हेरिरहँदा एउटा शब्दप्रति मेरो ध्यानाकर्षण भ'को गैरसरकारी क्षेत्र भन्ने कुरा आ'को छ । हाम्रो संविधानले निर्दिष्ट गरेको हाम्रो अर्थ व्यवस्था सरकारी, निजी र सहकारी साझेदारी हिस्सेदारी व्यवस्था हो । यो गैरसरकारी शब्द अलि मेल खाएन कि भन्ने मेरो यो ध्यानाकर्षण म गराउन चाहन्छु ।

त्यस्तै गरेर यो पूर्वप्रधानमन्त्री केपी ओलीज्यूको अध्यक्षतामै गठन आदेशबाट यो क्याबिनेटबाटै उच्चस्तरीय विज्ञ समूह गठन भएर यसले धेरै अध्ययन विश्लेषण गरेर यो विधेयक प्रस्तुत भा'को भन्ने मलाई लागेको छ । त्यसैले यस्ता शब्दमा चाहिँ अलि विचार गर्नुपर्छ कि भन्ने कुरा पनि म व्यक्त गर्न चाहन्छु । यो अब नयाँ विधेयक भा'को हुनाले अहिले पछिल्लो चरणमा उठेका धेरै कुराहरू यो विधेयकमा समेटको छ । ऐन कार्यान्वयनको कुरा, ऐन मापनका कुरा पनि यो विधेयकमा अहिले प्रस्तावितको रूपमा आ'को छ । यो सकारात्मक छ आर्को कुरा यो पदाधिकारी नियुक्तिका कुरा पनि आ'को छ । लामो समय हाम्रो विश्वविद्यालय पदाधिकारीविहीनको स्थितिले गर्दा अस्तव्यस्ता कुरालाई अहिले ऐनमै समेटेर आ'को छ । यो राम्रो कुरा छ । नयाँ विधेयक भा'को हुनाले म माननीय मन्त्रीज्यूलाई पनि यो खुल्ला छलफल गरेर यसलाई अझ व्यवस्थित गर्नको लागि हामी यो दफावार छलफलमा पनि यसको संशोधनको मार्फत भाग लिने कुरा जनाउँदै यो विधेयकको स्वागत र समर्थन गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डाक्टर बेदुराम भुसाल ।

(१४:५७ बजे) **मानननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, यो नेपाल विश्वविद्यालयको व्यवस्था गर्न लागि बनेको विधेयकका दुइटा उद्देश्य देखिन्छ । दुइटा उद्देश्यले यो विधेयक आएको देखिन्छ । एउटा त अन्तरविधात्मक अवधारणा आधारित बहुविधागत गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानमार्फत दक्ष, सृजनशील र प्रतिस्पर्धी मानव स्रोत उत्पादन गर्ने भन्ने यसले उद्देश्य राखेको देखिन्छ ।

दोस्रोः नवीनतम ज्ञानको सृजना र नवप्रवर्तन गर्दै समुन्नत राष्ट्र निर्माणमा योगदान पुऱ्याउन भन्ने दुइटा उद्देश्य राखेर यो विश्वविद्यालय मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्रको सार्वजनिक विश्वविद्यालयको रूपमा निर्माण गर्ने गरी यो विधेयक प्रस्तुत गरिएको छ । अहिले हामीकहाँ भएका विश्वविद्यालयहरूले विश्व बजारमा प्रतिस्पर्धा गर्न नसकिरहेको अवस्थामा विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने मानव स्रोत उत्पादन गर्ने उद्देश्यका साथ आएको विश्वविद्यालय निर्माणसम्बन्धी यो विधेयकलाई स्वागत त गर्न सकिन्छ तर यसमा केही समस्याहरू छन् । सैद्धान्तिक हिसाबले हेर्दाखेरि यसमा संरचनागत हिसाबले दोहोरोपन रहेको छ भने प्रत्यायोजित व्यवस्थापन अहिले पनि अत्याधिक धेरै मात्रमा आएको छ । हामीले निरन्तर रूपमा प्रत्यायोजित व्यवस्थापन घटाउँदै जाँऊ भन्ने कुरा गरिरहेका छौं । र अहिले नयाँ विधेयकको रूपमा यो विधेयकमा पनि यति धेरै प्रत्यायोजित व्यवस्थापन छ कि यो अब यहाँ त अब छलफल गर्नुपर्ने र अवस्था नै भएन यसलाई अलि राम्रोसँग छलफल गर्नुपर्ने सवाल रूपमा छलफल गर्नुपर्ने यसको खास गरीकन संरचनागत हिसाबको जुन दोहोरोपन छ त्यो र यो प्रत्यायोजित व्यवस्थापनलगायतका जुन समस्याहरू छन् । तिनीहरूलाई घटाएर यसलाई पारित गरेर जान सकियो भने ठिकै हुन्छ भन्ने मलाई लाग्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१४:५९ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो विश्वविद्यालयको सम्बन्धमा मेरा केही २/४ ओटा केही गुन्दाहरू विशेष गरी मेरो रिजर्भेसन पनि छ । मैले यो अघिल्लोपटक पनि यहाँ दुईओटा विश्वविद्यालयसम्बन्धी विधेयक प्रस्तुत गर्दा पनि मैले त्यो धारणा त्यहाँ राखेको थिएँ । हामीले यो योगमाया मदन भण्डारीसम्बन्धी विश्वविद्यालय पनि पास गर्यौं । दुई तीनटा कुरा मैलेअघि भनिसकें जस्तो हामी धमाधम विश्वविद्यालय हामी खोल्दै छौं । वास्तवमा यो जरुरी हो? मेरो पहिलो प्रश्न हइ यहाँ अब

माननीय मन्त्रीज्यू पनि हुनुहुन्छ मेरो पहिलो प्रश्न अहिले हामीकहाँ ११ ओटा विश्वविद्यालयहरू छन् । दुइटा विश्वविद्यालय त हामी यही संसदबाट विधेयक पास गरिसक्यौं अब मलाई लाग्छ १३ ओटा विश्वविद्यालय भए अरू पनि कति पाइप लाइनमा होलान् सबैभन्दा महत्त्वपूर्ण कुराहरू अघि पनि हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूले पनि भनिसक्नुभा' छ । मुलुकको लागि चाहिने जुन अत्यावश्यक हो अहिलेसम्म हामीले शिक्षा ऐन हामीले बनाउन सक्या छैन जुन जरुरी जुन महत्त्वपूर्ण ऐन हो शिक्षा ऐन अहिलेसम्म हामी बनाउन सक्या छैनौं ।

शिक्षा नीति भनेर हामीले बनायौं । त्यो सार्वजनिक नेपाल सरकारले त्यो शिक्षा नीति सार्वजनिक गरेकै छैन । शिक्षा नीति बनाइसकेपछि शिक्षा नीति बनाइसकेपछि शिक्षा नीतिभित्र रहेर अनि उच्च शिक्षाभित्र चाहिँ के कति विश्ववीद्यालयहरू चाहिने, के कति चाहिने भनेर त्यहाँमाथि हामी छलफल गरौं । त्यसपछि विद्यालय शिक्षाको पनि कुरा गरौं त्यहीभित्र गरौं । तर यो धमाधम र यो प्लस गल्ली गल्लीमा प्लस टु खोले जस्तै गरेर अब धमाधम विद्यालय हामी खोल्दै छौं । मलाई लाग्छ अहिले भएका विश्वविद्यालयहरू जुन छन् । ती विश्वविद्यालयहरू पनि आफै लथालिङ्ग भद्रगोल छन् हइ ती चल्न सकेकै छैनन् । अहिले करिब करिब मलाई लाग्छ, अहिले करिब करिब ६ लाख जति विद्यार्थी छन् यो विश्वविद्यालयहरूमा ६ लाख जति विद्यार्थीहरू रहेछन् ६ लाख विद्यार्थीहरूमा ८० प्रतिशत त यो टीयूमै छ हइ यो नेपाल सरकारको डेटाअनुसार ८० प्रतिशत त त्रिभुवन विश्वविद्यालयमै छन् र यो पछिल्लोपटक खोलेका कतिपय विश्वविद्यालयहरू विद्यार्थी सङ्ख्या त ४ सय पनि रहेनछ । मलाई लाग्छ यो राजर्षि जनकमा ३९९ जना मात्रै विद्यार्थी कतिपय पछिल्लोपटक खोलेका यी गण्डकी विश्वविद्यालय कतिले त विद्यार्थी पनि पा'का छैनन् । पटक पटक भर्ना आह्वान गरेका छन् । कोही विद्यार्थी जाँदै जाँदैनन् भनेपछि नयाँ विश्वविद्यालयप्रति विद्यार्थीको त्यो आस्था पनि छैन । एउटा आस्था छैन । विश्वास छैन विश्वविद्यालय यो कसरी चल्छन् । यसको दिगोपना कस्तो हुन्छ । यसको वित्तीय व्यवस्थापन स्रोत व्यवस्था हामीले के कसरी गर्छौं ।

र एउटा छाता ऐन चाहियो के । समग्र मैलेअघि पनि भनिसकें एउटा छाता ऐन हामीले ल्याउँ । अहिले वार्षिक रूपमा यो शिक्षा मन्त्रालयको डाटाअनुसार वार्षिक रूपमा नेपालबाट बाहिर जाने विद्यार्थीहरू नो अब्जेक्सन लेटर जुन शिक्षा मन्त्रालयले दिन्छ वार्षिक रूपमा ५० हजार जनाले त्यो नो अब्जेक्सन लेटर लिँदा रैछन् भनेपछि हामीले जुन ब्रेन ड्रेन भैरा' छ । तिनीलाई हामीले रोक्न सकेको खोइ? धमाधम विश्वविद्यालय त खोलिराख्नुभा' छ । अब यो मलाई लाग्छ यो उपत्यकाभन्दा बाहिर खोल्ने विश्वविद्यालय हो । त्यसो भयो भने त प्रदेशले पनि विश्वविद्यालय हाम्रो संविधानमा त प्रदेशको विश्वविद्यालय खोल्ने अधिकार त हामीले प्रदेशलाई द्या

छौं । त्यसकारण यो प्रदेशबाटै खोले हुन्छ नि कतिपय कुरा त्यसकारण प्रदेशले पनि धमाधम विश्वविद्यालय खोल्न केन्द्रले पनि विश्वविद्यालय खोल्ने भलै भएन नयाँ खोल्ने विश्वविद्यालयमा पनि कुनै कसैको विश्वास छैन । विद्यार्थीहरू भर्ना पनि भा' छैनन् । तिनीहरू चल्छ कि चल्दैनन्? त्यसको दिगोपना के होला? त्यसको सबस्टेनएबिलिटी के होला? त्यसकारणले मन्त्रीज्यू..... (समय सकिएको ) ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

(१५:०२ बजे) **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस**):- सम्माननीय अध्यक्ष महोदय, पहिला यसो सरसर्ती हेर्दाखेरि अब यो शिक्षा मन्त्रालयले अम्रेला एक्ट ल्याउने कुरा आइरा'को थियो । माथि हेडिङ पढें । नेपाल विश्वविद्यालय पनि लेख्या रैछ । यो त अम्रेला एक्ट आएछ क्या हो । यसो हेर्दै गा'को त भित्र भित्र अनेक थोकहरू देखें मैले अब यो एउटा विभागले गर्न सक्ने काम एउटा ठुलै भए डिनले पनि गर्न सक्ने कामहरू छ यहाँ धेरै ठुल्ठुलो कुराहरू छैन । अब यसको लागि छुट्टै विश्वविद्यालय नै खोलेर, अब यो विश्वविद्यालय खोल्ने होडबाजी लहर किन नेपालमा भैरा' छ? पहिला पहिला स्कुल खोल्ने कलेज खोल्ने होडबाजी चल्थ्यो । अनि पहिला पहिला यो प्रदेशस्तरमा क्यारे यो पाँचओटा विकास क्षेत्र हुँदाखेरि क्षेत्रीय विश्वविद्यालय पनि खुले अहिले फेरि यो प्रदेश प्रदेशमा नै खोलिरा' छ । प्रदेशमा पनि छ त्यो फेरि यो विश्वविद्यालय धमाधम खोल्दै जाँदाखेरि अब यो भएका विश्वविद्यालयहरूको बेथिति भयो । भा'को विश्वविद्यालयहरूमा विद्यार्थी पनि घटिरा' छन् छैनन् । त्यहाँ विभागहरू पनि खाली छन् । समयमा रिजल्ट हुँदैन । समयमा परीक्षा पनि हुँदैन । अनि विद्यार्थी पूरै बेरोजगारकेन्द्र भैरा' छ । विश्वविद्यालय अलि अलि केही प्राविधिक विषयहरूको पढाइ राम्रो भए पनि फेरि सबै विदेश पलायन पनि भैरा'का छन् । यो स्थितिमा यिनीहरूलाई यो शिक्षा प्रणालीलाई नै सुधार गरेर अगाडि जान पर्ने स्थितिमा विश्वविद्यालय नै खोल्ने यो होड्बाजीले अलिकति त्यति राम्रो चाहिँ जस्तो लागेछैन मलाई संघीयता विरोधी पनि हो । अघि भर्खरै संघीयता विषयमा गफ गर्यौं । अहिले फेरि यो कुराहरूमा छलफल गर्नुपरिरा'को छ । अब यो नयाँ मन्त्रीहरूलाई नयाँ मान्छेहरूलाई नयाँ नेताहरू आएसी यो खालि खोल्ने खालको यो प्रवृत्ति हामीले घटाउन आवश्यक छ । शिक्षासम्बन्धी ऐन पनि आउन सकेन । अम्रेला एक्ट आएर सबै विश्वविद्याय नियमन गर्ने कुरा पनि आउन सकेन । आउनुपर्ने कुरा आइरा' छैन । अब उच्च शिक्षा आयोगले प्रतिवेदन पास गर्या थियो । तयार पर्या थियो अध्ययन गरेर त्यो पनि कता

हराइसक्यो । त्यसमा पनि छलफल पनि हुन सक्या छैन । त्यही भएर यो त्यति धेरै आवश्यक छैन । यसलाई एउटा विभागमा लगेर एउटा डिनले हेरे पनि हुने विषय छ । कुनै विश्वविद्यालय भित्रै लगेर राखे पनि हुने जस्तो लाग्छ मलाई चाहिँ यो । त्यही भएर यो होडबाजीतिर नलागौं र भ'काहरूलाई नियमन गरौं भन्नेतिरै म जान्छु । र अलिकति यो पछिल्लोपटक संघीय संसदमा अहिले आ'को यो ड्राफ्टिङ हेर्दाखेरि अलिकति ड्राफ्ट चैं चित्त बुझ्या छ । केही कुराहरू हामीले विधायन व्यवस्थापन समितिमा मान्यता बनाएका विषयहरूलाई पनि अलिकति केही सतर्कता अपनाएर ड्राफ्टिङ गर्ने कोसिस गर्या छ । नत्र समग्रमा उही पुराना विश्वविद्यालयहरूको निरन्तरताहरूको नै छ यो । यसलाई सुधारेर जानुपर्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय देवेन्द्र दाहाल ।

**(१५:०५ बजे) मानननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो शिक्षाको क्षेत्रमा गुणात्मक फड्को मार्ने उद्देश्यका साथ यो विधेयक आएको छ । यसले दक्ष, सिर्जनशील, उद्यमशील, प्रतिस्पर्धी मानव स्रोत उत्पादन गर्ने उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा यसलाई यो विश्वविद्यालय अगाडि बढाएको भनेर यसलाई यसले आफ्नो प्रस्तावनामा नै उल्लेख गरेको छ । त्यसकारण अब मलाई के लाग्छ भने यो विश्वविद्यालय पनि परम्परा ढङ्गले सञ्चालन गर्ने हो भने जम्मा एउटा सङ्ख्या थप्ने मात्रै कुरा हुन्छ । यसको उद्देश्यअनुसार काम गर्ने हो भने चाहिँ यो आवश्यक छ । र यो उद्देश्यअनुसार विश्वविद्यालय अगाडि बढाउन जरुरी छ । र १/२ ओटा कुराहरू यो पब्लिक युनिभर्सिटीको अवधारणा ठिकै भए पनि यो गैरसरकारी भन्ने शब्दावलीले चाहिँ यनिभर्सिटीको गरिमा र ओझलाई घटाउँछ भन्ने लाग्छ । त्यसैले यो विश्वविद्यालय उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा रहेको सार्वजनिक विश्वविद्यालय हो भनेर प्रष्ट पार्न जरुरी छ । एउटा कुरा ।

अर्को कुरो यो फन्डिङमा सरकार अलग रहने कुरा अलिक मिलेन त्यसैले यो विधेयकको आर्थिक टिप्पणीको "नेपाल विश्वविद्यालय स्थापना र सञ्चालन हुँदा नेपाल सरकारका आर्थिक दायित्व पर्ने देखिँदैन" भन्ने शब्दावली घटाउन उपयुक्त हुन्छ । ठिकै छ यो सेभ सस्टेनका साथ अगाडि बढ्ने यो हुनुपर्ने भन्ने भयो भने त्यो अर्कै हिसाबले यसलाई व्यवस्था गर्न सकिन्छ । यस विश्वविद्यालयको केन्द्रीय कार्यालयको सम्बन्धमा पनि मलाई के लाग्छ भने काठमाडौं उपत्यकाबाहिर भनेर किन भन्नुपर्यो र? संरक्षित परिषद्को सिफारिसमा नेपाल सरकारले तोकेको स्थानमा भन्दा नै ठिक होला किन भने जति बेला त्यसले निर्णय गर्नुपर्ने हुन्छ । त्यसले

उपत्यका बाहिर भनेर भन्न सक्ने हुन्छ र त्यति बेलै निर्णय गर्दा पनि हुन्छ र अन्तिममा मलाई के लाग्छ भने यो विश्वविद्यालयलाई स्वायत्त संस्था कसरी बनाउने? किनभने अहिलेसम्मन सबै स्वायत्त संस्था भनियो तर त्यसमा ती विश्वविद्यालयहरू स्वायत्त हुन सकेनन् । त्यसकारणले यसलाई स्वायत संस्था बनाउनका लागि ध्यान दिनुपर्ने र शासकीय स्वायतता र प्राज्ञिक स्वायतताको कुरा चाहिँ हामीले कडाइ ढङ्गले राख्नुपर्ने हुन्छ । हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जितेन्द्र नारायण देव ।

(१५:०७ बजे) **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, ३ मिनेट मात्रै समय छ । त्यो समयभित्रै आफ्नो कुरा राख्न चाहन्छु । मुख्य रूपमा जुन उद्देश्यसाथ यो नेपाल विश्वविद्यालय स्थापना गर्नुपर्ने भनेर विधेयक आ'को छ । प्रस्ताव गरिएको छ त्यो एकदम सही छ । सही छ । हाम्रो संविधानले हाम्रो राज्य संरचनाले संवैधानिक रूपमा जुन शिक्षा क्षेत्रमा नीतिहरू निरुपण गरेको छ । परिभाषित गरेको छ । शिक्षा क्षेत्रमा खास गरेर स्टेट सेक्टरमा प्राइभेट सेक्टरमा पब्लिक सेक्टरमा एउटा कम्पिटेटिभ अटोनोमस कम्पिटेटिभ सेल्फ सस्टेन इन्स्टिट्युसनहरू खडा गर्दै जाने र त्यो प्रक्रियाबाट मुलुकमा विभिन्न यो तीनटै क्षेत्रभित्र एउटा प्रतिस्पर्धाको माध्यमद्वारा दक्ष जनशक्तिको उत्पादन गर्ने प्रतिस्पर्धी जनशक्तिको उत्पादन गर्ने भन्ने जुन हाम्रो उद्देश्य छ । स्पष्ट रूपमा लेखिएको छ संविधानमा त्यो मनसायलाई त्यही मनसायअन्तर्गत त्यही उद्देश्य बोकेर यो प्रस्ताव गरिएको छ । र यो practice हाम्रो संविधानले त परिभाषा गरेकै छ । यो practice South Asia मा पनि छ इन्टरनेसनल रूपमा यो practice छ । र मूल रूपमा यसको सबभन्दा सवल पक्ष, सबभन्दा राम्रो पक्ष के हो भन्दाखेरि हुनत यो कुनै पहिलो आउन ला'को भन्ने होइन । यस्ता विश्वविद्यालयहरू छन् । हाम्रो मुलुकमा नभएका होइनन् । तर यसमा विशेष रूपमा यसपालि केमा जोड दिएको छ भने यो संस्था भनेको पब्लिक इन्भेस्मेन्टबाट चल्ने संस्था हुन्छ । गभर्मेन्टलाई सरकारलाई राज्यलाई एउटा स्रोतमाथि बोझ दिने काम यसले गर्दैन । मुख्य रूपमा यसको थस्ट चाहिँ आफ्नै पब्लिक मनी इन्भेस्टमेन्टबाट अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको सहयोगबाट यो संस्था चाहिँ अगाडि बढ्छ । त्यसकारणले त्यसरी पब्लिक मनी पब्लिक क्यापिटललाई इन्भेस्ट गरेर एउटा अटोनोमस बडीको रूपमा एउटा सेल्फ सस्टेन्स बडीको रूपमा एउटा कम्पिटेटिभ बडीको रूपमा एउटा क्वालिटी प्रोडक्सन दिने गुणात्मक उत्पादन गर्ने त्यसलाई आफ्नै बजारमा पनि र अन्तर्राष्ट्रिय बजारमा उत्पादित ह्युमन रिसोर्सलाई प्रतिस्पर्धी

बनाउने क्वालिटी प्रोडक्ट दिने भने मनसायअन्तर्गत यो राखेको छ । र प्रकारान्तरले यो संस्थालाई एउटा सेन्टर अफ एक्सिलेन्सको रूपमा अगाडि बढाउने भन्ने जुन आ'को छ सैद्धानिक रूपमा यो जुन प्रस्तावना छ । त्यो एकदम सही छ । यसलाई हामीले इन्करेज गर्नुपर्छ बाँकी यसको संरचनात्मक कुराहरूलाई सुधार्ने काम हामी छलफलबाट विधायन व्यवस्थापन समितिमा गर्दै जानुपर्छ । तर यसको मनसाय चाहिँ एकदम ठिक मनसायबाट आवश्यक हिसाबले संस्था खडा गर्ने हिसाबले आएको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय इन्दिरा देवी गौतम ।

(१५:१० बजे) **माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्षज्यू, विश्वविद्यालय खोल्ने कुरा आफैमा एकदम ठिक हो नै भन्ने लाग्छ मलाई । यो अहिले विश्वविद्यालयको लागि उच्च शिक्षाको लागि दुरदराजबाट एक ठाउँमा कुनै निश्चित ठाउँमा आएर बस्नुपर्ने कुनै प्रदेशबाट अर्को ठाउँमा बसेर पढ्नुपर्ने जुन अप्ठ्याराहरू छन् । यसलाई मध्यनजर गरेर जुन प्रतिस्पर्धाबाट उच्च प्रतिभाशाली अथवा क्षमतावान क्वालिटीमा लिएर जान सक्ने उच्च जनशक्ति निर्माण गर्ने उद्देश्यका साथ विश्वविद्यालयको कन्सेप्ट आएको छ र यो प्रदेश प्रदेशमा पनि खोल्न सकिने हुँदाखेरि यसले धेरै मानिस परिवारलाई यसले राहत दिन्छ भन्ने मलाई लाग्छ । तर यसरी विश्वविद्यालयहरू खोलिरहँदाखेरि अहिले भएका विश्वविद्यालयहरूको स्थिति के छ त? अहिले भएका विश्वविद्यालयहरूलाई हामीले कतिको व्यवस्थित गर्न सकेका छौं । त्यहाँबाट हामीले कस्तो क्षमता भएका विद्यार्थीहरू उत्पन्न उत्पादन गरिरहेका छौं । र तिनीहरूको बजारमा उनीहरूको शिक्षा अथवा उनीहरूको क्वालिटी कतिको स्थापित हुन सकेको छ भन्ने कुरालाई पनि हामीले मध्यनजर गर्नुपर्दो रहेछ । यसरी विश्वविद्यालय मात्रै खोल्नेभन्दा पनि हामीले गुणस्तरलाई मध्यनजर गरौं अझ मैले यहाँबाट भन्नुपर्दाखेरि त विश्वविद्यालयहरू खोल्दै अझ विश्वविद्यालयहरूले निःशुल्क शिक्षा केही तल्लो स्तरका विपन्न वर्गका परिवारका छोराछोरीहरूलाई निःशुल्क शिक्षासमेत दिन सक्ने गरी अलिकति क्वालिटी भएका क्षमता भएका विद्यार्थीहरूलाई त्योसमेतको व्यवस्था गर्दिएर विश्वविद्यालय स्थापना गर्ने हो भने अझ राम्रो हुन्थ्यो भन्ने लाग्छ । र यो विश्वविद्यालयको जुन कन्सेप्ट आएको छ । यो मेरो मैले चाहिँ यसलाई एकदमै सकारात्मक रूपबाट हेरेको छु । हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गंगा कुमारी बेलबासे ।

(१५:१२ बजे) **<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो नेपाल विश्वविद्यालयका, यो नेपाल विश्वविद्यालयको जुन यो अहिले विधेयक आएको यसले अहिले थुप्रै भएका विश्वविद्यालयभन्दा अलिक फरक गर्न खोजेको र आजको चाहिँ जनशक्ति उत्पादनमा यसले ध्यान दिएको भने यो आवश्यक छ भन्ने कुरा म राख्न चाहन्छु । अहिले थुप्रै विश्वविद्यालयहरू छन् । एकबाट अर्कोले सम्बन्धन पाउनका लागि छलफल गरिराखेका छन् । माग गरिराखेका छन् । पाइराखेका छैनन् । त्यसो गर्दाखेरि फेरि अर्को विश्वविद्यालय आयो भन्ने कुरा एउटा रहेको छ । यसले उत्पादन गर्ने जनशक्ति दक्ष, योग्य र नेपालमा खपत हुने खालेको हो भने हामी उठाउँदै आएको शिक्षा कामयावी भएन । शिक्षा उत्पादनमूलक भएन । शिक्षा गुणस्तरीय भएन भन्ने कुरा जुन उठाएका थियौं । यसले त्यसलाई पूरा गर्न सक्छ भने यसलाई अगाडि बढाउन जरुरी छ । यो छलफलमा थियो । अलि अगाडिदेखि र अहिले जुन ढङ्गले पेस भएको यहाँ पेस हुँदाखेरि अहिले शिक्षा मन्त्री पनि परिवर्तन भएर नयाँ आइपुग्नुभएको छ । त्यसो गर्दा पनि यसलाई आवश्यक छ भने हामीले बहसमा लैजानुपर्छ छलफलमा लैजानुपर्छ र यसलाई विधायन समितिमा जाने छ दफावार छलफल हुने छ । समृद्ध गरिने छ र यसलाई पास गर्ने छौं भन्ने मलाई लाग्छ ।

आर्थिक टिप्पणीमा लगानी गर्न नपर्ने भन्ने खालको जुन लेखिएको छ । तर नेपाल सरकारले यसमा केही लगानी गरिसकेको छ । यसको एउटा बडी बनाएर काममा सुरु गरिसकेको छ । त्यसो गर्दाखेरि लगानी नेपाल सरकारले नै गर्नुपर्छ सर्व सुलभ शिक्षा उपलब्ध गराउन सक्ने गरी दक्ष र योग्य जनशक्ति उत्पादन गर्नका लागि यो विश्वविद्यालयले पहल गर्नुपर्छ भन्ने मलाई लाग्दछ । र अहिले जुन उपत्यकाबाहिर खोल्ने भनेर भनिएको छ । त्यसो गर्दाखेरि एउटा मलाई के सोंच आउँछ भने नेपाललाई एउटा शिक्षाको हब बनाउन कि सक्तैनौं? यति राम्रो मौसम छ । यति राम्रो डाँडा काँडाहरू छन् । यति राम्रो भूगोल छ । हामीले नदीका तटहरूमा डाँडाहरूमा ठुल्ठुला विश्वविद्यालयहरू खोलेर नेपाललाई किन शिक्षाको हब बनाउन सक्तैनौं? भन्ने एउटा क्वोइसन उठेको छ र त्यो पूरा गर्न सक्ने गरी यो विश्वविद्यालय आओस् भन्ने म अपेक्षा राख्दै मेरो भनाइ अन्त्य गर्छु हस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कमला पन्त ।

**(१५:१५ बजे) <u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, विश्वविद्यालय भन्नेबित्तिकै मलाई केही कुरा राख्न मन लाग्यो । विश्वविद्यालयले अहिले आफूले भइराखेका विश्वविद्यालयहरूले आफ्नो क्यालेन्डर मेन्टेन गर्न सक्या छैन । कति बेला एक्जाम हुन्छ? कति बेला रिजल्ट हुन्छ? कति बेला उपकुलपतिको नियुक्ति हुन्छ? कति बेला ताला बन्दी हुन्छ? कति बेला खुल्छ? यो सप्पै व्यवस्थापन गर्न नसकेको यो अवस्थामा पहिला चाहिँ मेरो अनुरोध शिक्षा मन्त्रीज्यूले पेस गर्नुभो' ऐन अहिले विचार गरियोस् भन्नुभो' कति बेला कुन शिक्षा मन्त्रीले पेस गरेको ऐन थियो । उहाँले अध्ययन पनि गर्न भ्याउनुभा'को पनि छैन होला । तर विश्वविद्यालय भन्नेबित्तिकै एउटा ठूलो संस्था हो । संस्थाभन्दा पनि भरपर्दो संस्था हामीलाई चाहिएको छ । भन्दा पनि भरपर्दो विश्वविद्यालय हामीलाई चाहिएको छ। भइराखेका विश्वविद्यालयको विश्वविद्यालय व्यवस्थापन कस्तो छ? काठमाडौं विश्वविद्यालयलाई ..... अनुमति दिने बेलामा सरकारले कति लामो समयसम्म सोच्यो? दियो काठमाडौं विश्वविद्यालयले उत्पादन राम्रो दिइराखेको छ । तर यस्तो असी प्रतिशत नेपालीका छोराछोरी पढ्ने विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको अवस्था हेर्दाखेरि सुन्न पनि दया लाग्छ ।

अब यस्तो स्थितिमा शिक्षा मन्त्रीज्यू, मेरो अनुरोध सम्माननीय अध्यक्षज्यूमार्फत भइराखेका संस्थाहरूलाई अलि भरपर्दो संस्था बनाउनुहोस् । भइराखेको हामीलाई त विश्वविद्यालयभन्दा गुणस्तरीय विद्यालय चाहिया' छ । धेरै विश्वविद्यालयभन्दा भरपर्दो विश्वविद्यालय चाहिएको छ । त्रिभुवन विश्वविद्यालयलाई एकदमै पहिलाको पुरानो साखलाई जोगाउने पट्टि हामी पहिला जानुपऱ्यो । त्यसपछि गएर हामीले विश्वविद्यालयलाई यति बेला यो महिनामा जाँच हुन्छ । यो महिनामा परीक्षा, नतिजा प्रकाशन हुन्छ । यो महिनामा विद्यार्थी भर्ना लिइन्छ । यो महिनामा यति यति पढ्नु । पूर्वाञ्चल विश्वविद्यालयको अवस्था कस्तो छ? पोखरा विश्वविद्यालयको अवस्था कस्तो छ? भइराखेको विश्वविद्यालयहरूले के गरिराखेका छन्? एक वर्षसम्म भीसी भएन पूर्वाञ्चल विश्वविद्यालयमा । यस्तो दयनीय अवस्था छ । यसलाई भरपर्दो बनाऔँ पहिला मेरो निवेदन त्यहाँभित्र के छ? कति फाइदा छ? कति नोक्सान छ? नाफा नोक्सानपट्टि नहेरौं । भइराखेकोलाई चाहिँ छाती खोलेर हामीले हाम्रा विश्वविद्यालयहरू यति राम्रा छन् है भन्न पाइयोस् । त्यसपछि अरू राम्रो विश्वविद्यालयहरू भनुँ चिन्ता नगरीकन सम्माननीय अध्यक्षज्यूमार्फत म शिक्षा मन्त्रीज्यूलाई के अनुरोध गर्छु भने हामीलाई धेरै विश्वविद्यालय चाहिया होला । के चाहिया होला । अर्कै ठाउँमा छ । तर अहिले चाहिँ भ'कालाई चाहिँ व्यवस्थित गरौं । पहिलो चरणमा मैले यति भन्नको लागि समय दिनुभो' अध्यक्षज्यू । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुरेश कुमार आलेमगर ।

(१५:१८ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो जुन भर्खरै एउटा विधेयक नेपाल विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा बनेको जुन विधेयक छ । यसको बारेमा पक्ष विपक्षमा थुप्रै कुराहरू उठे । म चाहिँ पक्षमा आफ्नो धारणा व्यक्त गर्न चाहन्छु । र एउटा वाक्य सुरुमै के भन्न चाहन्छु भने This is a University with the difference यसको जुन प्रस्तावहरू छ । आदि इत्यादि कुराहरू छन् । अरू विश्वविद्यालयभन्दा केही फरकै देखिन्छ । जस्तै यसले के भा' छ भने नवप्रवर्तनकारी एक, अर्को सेन्ट्रल लेबलको विश्वविद्यालय तर राजधानीदेखि बाहिर । राजधानीमा चाहिँ केन्द्रीय विश्वविद्यालय छ । राजधानी बाहिर चाहिँ छैन । प्रदेश, प्रदेशमा होलान् । कतिपय भइसकेका छन्, अरू पनि होलान् । तर यो चाहिँ केन्द्रीय स्तरको बाहिर हुने भनिया' छ ।

अर्को चाहिँ के छ भने राष्ट्रिय हितप्रति समर्पित यसैमा फोकस गर्ने भन्ने यसको चाहिँ उद्देश्य अथवा यसको मनसाय देखिन्छ । अर्को हुनत गौण कुरा हो । तैपनि के छ भने नाम पनि फरक छ यसको नेपाल विश्वविद्यालय यो ठूलो कुरा होइन होला । अरू कतिपय विश्वविद्यालय त राजा, महाराजा कै नाममा छन् । जुन गणतन्त्र आइसकेर पनि हटाउन सकिएन । तर यो चाहिँ नेपाल विश्वविद्यालय भनेर छ । खैर यो त सामान्य कुरा भयो । तर अरू धेरै कुराहरू चाहिँ भा'को हुनाले र यो विश्वविद्यालय स्थापना गर्न चाहिँ उचित हुन्छ । तर त्यो गर्ने क्रममा यो जुन विधेयक आए छ । ऐन आए छ । त्यो चाहिँ ठिक छ । भन्ने मलाई लाग्छ । यदि यो विश्वविद्यालय पनि अरू विश्वविद्यालय जस्तैः हुने हो भन्देखि त सङ्ख्या मात्रै बढाउँछ । त्यो सही कुरा हो । त्यो सही कुरा हो । हामीलाई विश्वविद्यालय थुप्रै छन् । आवश्यक छैन । तर यो विश्वविद्यालय जुन सोचका साथ आएको छ । जुन मनासायका साथ आएको छ । जुन उद्देश्य यसको हेर्दा देखिन्छ । हो त्यो चाहिँ त्यो हेर्दाखेरि चाहिँ यो विश्वविद्यालय निश्चित रूपमा With the Differences भन्ने नै देखिन्छ । अर्को चाहिँ यसले चाहिँ अब निश्चित रूपमा राष्ट्र हितप्रति समर्पित विद्यार्थी उत्पादन गर्ने छन् भन्ने पनि देखिन्छ । बरु यसमा चाहिँ गैरसरकारी क्षेत्रबाट स्थापना हुने अनि सरकारको आर्थिक दायित्व नहुने भन्ने जुन कुरा छ । यसलाई चाहिँ सच्याउनुपर्ने चाहिँ हुन्छ । हैन भन्देखि त कसले फेरि यसमा चाहिँ लगानी गर्ने को आउने भन्ने चाहिँ हुन्छ । धन्यवाद ।

(१५:२१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री शिशिर खनाललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:२१ बजे) **<u>माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री शिशिर खनाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरूबाट केही महत्त्वपूर्ण सुझाव र सकारात्मक किसिमको प्रतिक्रियाहरू आएका छन् । स्वाभाविक रूपमा धेरै प्रश्नहरू हाम्रा भएका विश्वविद्यालयहरूलाई अझै राम्रो गर्नुपर्छ भएका विश्वविद्यालयहरूले काम गर्न सकेनन् भन्ने चिन्ता चासो व्यक्त भएको छ ।

शिक्षा ऐन र विश्वविद्यालय छाता ऐन पनि आउनुपर्छ भन्ने जुन कुरा छ । त्यो कुराप्रति म एकदमै सचेत छु । सरकारले पनि आफ्नो नीति तथा कार्यक्रममा दुवै कुरालाई प्राथमिकतासाथ राखेको भएर आगामी दिनहरूमा शिक्षा ऐन, विद्यालय शिक्षा ऐन र उच्च शिक्षाको छाता ऐनमा शिक्षा मन्त्रालयले एकदमै तदारूकतापूर्वक काम गर्छ । र ती प्रस्तुत माननीय सांसदहरूसम्म पुऱ्याउँछ भन्ने कुरा प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । विशेष गरी यो अहिलेको नेपाल विश्वविद्यालयको आवश्यकता के हो भनेर भन्नुपर्दाखेरि हामीले प्रस्तावनामा पनि लेखेको लिबरल आर्टस विधामा आधारित भएर नेपालबाट झन्डै १०६ ओटाभन्दा बढी मुलुकमा नेपाली विद्यार्थीहरू उच्च शिक्षाको लागि हरेक वर्ष जाने गर्छन् । र झन्डै झन्डै गत सालको तथ्याङ्कले पनि एक लाख बाइस हजारभन्दा बढी विद्यार्थीहरू नेपालबाहिर उच्च शिक्षाको लागि गएको तथ्याङ्क छ । त्यसबाट झन्डै सत्तरी अरबभन्दा बढी नेपाली रूपैयाँ बाहिर गएको भन्ने एउटा तथ्याङ्क देखिन्छ । त्यो अर्थमा पनि नेपालमा नै गुणस्तरीय उच्च शिक्षा हुँदाखेरि ती विद्यार्थीहरूलाई नेपालमै रोक्न सकिन्छ कि? नेपाली त्यति उच्च शिक्षाको लागि विदेशमा जाने त्यस्ता युवाहरूलाई नेपालमै रोक्न सक्दाखेरि नेपालको विकासमा र नेपालको अर्थतन्त्रलाई चलाएमान बनाउन सकिन्छ कि भन्ने एउटा उद्देश्य पनि यो विश्वविद्यालयले राखेको छ ।

साथ साथै जुन अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति र एकदमै उत्पादनको एकतिर आवश्यकता छ भने हाम्रो अर्कोतिर नेपालमा भएका अहिलेका धेरै विश्वविद्यालयहरू ठुला ठुला सहरमा मात्रै केन्द्रीत हुँदै गर्दाखेरि हामीले परिकल्पना गरेको जुन संघीयता छ । त्योभित्रको विकेन्द्रीकरणको जुन हाम्रो मुद्दा छ । त्यसलाई चाहिँ यो विश्वविद्यालयले बोकेको छ

भन्ने पनि मैले बुझेको छु । साथै नेपाल विश्वविद्यालयको पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७७ पहिले जारी भएको र त्यसमार्फत त्यसको लक्ष्य पूरा गर्नको लागि पनि यो विश्वविद्यालयको विधेयकको आवश्यकता भएको हो ।

साथै यो विभिन्न खाले नियुक्तिका कुराहरू र त्योभित्र भएका समस्याहरूको कुरा पनि माननीय सदस्यज्यूहरूले उठाउनुभएको छ । स्वाभाविक रूपमा यो विश्वविद्यालयको विधेयकमा नै केही संरचनागत परिवर्तनका व्यवस्थाहरू गरेका छन् । गरिएको छ । प्रस्तुत विधेयकमा परम्परागत पद्धतिको संरक्षण गरिएको छ । भने पदेन कुलपति तथा उपकुलपति हुने पद्धतिलाई स्विकार गरिएको छैन । विशुद्ध शैक्षिक वातावरण कायम गर्न संरक्षक परिषद्बाट कुलपति छान्ने र उपकुलपतिसहितका पदाधिकारीहरूको नियुक्तिमा सिफारिस समितिको व्यवस्थाले गर्दा योग्य र सक्षम व्यक्ति उपकुलपति हुने परिकल्पना गरिएको छ । यसले अहिले भएका कतिपय समस्याहरूलाई हटाउन सक्छ भन्ने कुरामा यो विधेयकले ध्यान दिए छ । स्वाभाविक रूपमा केही शब्दका कुराहरूमा फरक ढङ्गले लेखिन पर्छ कि भन्ने माननीय सदस्यज्यूहरूले उठाउनुभएका कुराहरूलाई हामी मनन् गर्छौं । त्यस्ता अन्य शब्दावलीहरू हुन सक्छन् भन्ने भने स्वभाविक रूपमा छलफल गर्न सकिन्छ तर यसको मूल उद्देश्य भनेको गैरसरकारी शब्दको प्रयोग चाहिँ सरकारको लगानीभन्दा बाहिरबाट हुन लागेको यो विश्वविद्यालय भएको भएर तर यो विशुद्ध रूपमा मुनाफा नहुने विश्वविद्यालय परिकल्पना गरिएको छ । यस्तैखाले विश्वविद्यालयहरू संशारभरि नै गैरसरकारी प्रकृतिका नै विश्वविद्यालयहरू जो चाहिँ मुनाफा राख्दैनन् । यो निजी विश्वविद्यालय होइनन् भन्ने अर्थमा चाहिँ यसलाई गैरसरकारी शब्दको प्रयोग गरिएको हो । दिगोपनमा यसमा माननीय सदस्यज्यूहरूको एकदमै ठुलो चासो र चिन्ता व्यक्त गरियो । यसले आफ्नै स्रोत हुने छ भन्ने व्यवस्था गरिएको छ । सरकारी स्रोत चाहिँ विशेष गरी भौतिक निर्माणको पक्षमा बढी प्रयोग हुने र यसको निरन्तरताको लागि चाहिँ सरकारी स्रोत नहुने भन्ने अहिलेको परिकल्पना हो । त्यसको दिगोपनलाई चाहिँ यसले आफ्नै विभिन्न स्रोतबाट सङ्कलन गरेका रकमहरूबाटै यसले आफूलाई अगाडि बढाछ भन्ने विश्वास पनि व्यक्त गरिएको छ ।

साथै अर्को अलिकति हामीले धेरै विश्वविद्यालय भयो भन्ने कुरा हुँदै आएका छन् कि? भन्ने कुरा पनि उठेको छ । त्यसमा स्वाभाविक रूपमा अहिले भएको हाम्रो पाँच/छ लाख उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूमा एउटै विश्वविद्यालयमा असी प्रतिशत विश्वविद्यालय विद्यार्थीहरू पढ्छन् भन्ने तथ्याङ्क छ हाम्रो पनि तर त्यसले नै ल्याएका कतिपय संरचनागत समस्याहरू पनि छन् । त्यसलाई हामीले हेर्नु पनि पर्छ होला । धेरै विश्वविद्यालय आफैमा नराम्रो हैनन् भन्ने जस्तो लाग्छ । मेरै आफ्नै व्यक्तिगत अनुभवको हिसाबले मैले विदेशमा पढेको

विश्वविद्यालयहरूमा पनि दुई हजार विद्यार्थी भएका राम्रो विश्वविद्यालय पनि देखेको छु । हार्डवर्ड जस्तो, अक्सफोर्ड जस्तो अत्यन्त नाम चलेका विश्वविद्यालयहरूमा पनि विद्यार्थी सङ्ख्या बिस बाइस हजारको हाराहारीमा हुन्छ । पाँच लाख, छ लाख विद्यार्थीलाई एउटै विश्वविद्यालयले पढाएको कमै उदाहरणहरू छन् । त्यसको संरचनागत समस्यहरू निकै ठुलो हुँदा पनि आउँदो रहेछ भन्ने अनुभवहरू बाहिरको अन्तर्राष्ट्रिय विश्वविद्यालयको परिवेशबाट हेर्दा पनि देखिन्छ । त्यो अर्थमा पनि यस्ता खाले  विद्यालयहरू हुँदै गर्दाखेरि हामीले देखेका कतिपय समस्याहरू समाधान गर्न सकिन्छ भन्ने विश्वास गरेको छु । तर, साथ साथै यीबाहेक अन्य छलफलहरूमा माननीय सदस्यज्यूहरूले जुन विधेयकका दफावार छलफलहरूमा अन्य उठ्ने कुराहरूमा हामी ध्यानदिन्छौं र परिमार्जित हुनुपर्ने अवस्थाहरूमा माननीय सदस्यज्यूहरूको विचार र दृष्टिकोणलाई समाहित गर्दै परिमार्जित गर्दै अगाडि बढ्ने छौं भन्ने प्रतिबद्धता पनि जाहेर गर्न चाहें अध्यक्षज्यू । धन्यवाद ।

**(१५:२८ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल माघ १३ गते शुक्रवार अपराह्न ३:५९ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल माघ १३ गते शुक्रवार अपराह्न ३:५९ बजे बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:२९ बजे ।**